# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यालय भनेको शिक्षण सिकाइ गर्ने प्रमुख थलो हो । विद्यालयमा शिक्षा आर्जन गर्ने बालबालिकाहरू रहेका हुन्छन् । शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउनको लागि विद्यालयको भौतिक वातावरण बालबालिकाहरूलाई उपयुक्त हुने किसिमको हुनु पर्दछ । विद्यालयमा विद्यालय भवन, खेल मैदान, कम्पाउण्ड, शौचालय, खानेपानी, विधुत, संचार, कम्प्युटर, प्रयोगशाला आदिको राम्रो व्यवस्थापन भएको हुनुपर्दछ । त्यसैले माथि उल्लेख भएका भौतिक पक्षहरूको व्यवस्था गर्नुलाई नै भौतिक व्यवस्थापन भनिन्छ (शर्मा, २०६६) ।

शिक्षा लिने र दिने कार्यघरबाट शुरु भई संस्थागत रुपमा कटेरो, टहराबाट हाल ठूलो भवनहरूसम्म आइपुगेको छ । तर पनि भौतिक पक्षको विकासमा सन्तोष मान्न सक्ने अवस्था छैन । विद्यालयको भौतिक शैक्षिक आदि सबै पक्षको विकासमा जनसहभागिताको महत्वपूर्ण स्थान रही आएको छ । जुन समयमा सिकाइ कार्य आरम्भ भयो त्यस समयदेखि नै मानिसहरूले आफ्ना छोराछोरी भाइ बहिनीहरूलाई शिक्षा दिने स्थलमा कटेरो, टहरा निर्माण गर्न होस अथवा पढाउने गुरुलाई दक्षिणा दिन घरघरबाट अन्न (मुठी) दान उठाइ जनसहभागिता जुटाएको पाइन्छ । यसरी नै विद्यालय भवन, शौचालय खानेपानी आदिको व्यवस्था गर्ने काम जनसहभागिताबाट समुदायले नै गरेको पाइन्छ ।

समय वित्दै जाँदा विद्यालयको भौतिक पक्षमा पनि सुधार हुँदै आएको छ । विद्यालयको भौतिक, आर्थिक शैक्षिक पक्षहरूको विकासमा समुदायको थोरै भए पनि महत्वपूर्ण भूमिका रहि आएको छ । कालान्तरमा गैरसरकारी संघ संस्था, सरकारी निकायहरूबाट पनि सहयोग हुँदै आएको छ । विद्यालयमा भौतिक पक्षको व्यवस्थापन गर्न, शिक्षक विद्यार्थीहरूको व्यवस्थापन गर्न, रेखदेख संचालन र नियन्त्रण गर्नको लागि विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरियो । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) लागु भएपछि वालमैत्री विद्यालय भवन, शौचालय, खानेपानी आदिको व्यवस्था हुनुका साथै जीर्ण अवस्थामा रहेका भौतिक पक्षहरूको मर्मत सुधार गर्नको लागि सरकारी क्षेत्रबाट सहयोग प्राप्त भइरहेको छ । जनताहरूको चाहना र इच्छा अनुसार जनसहभागिताबाट स्थापना भएको विद्यालयमा घाम र पानीबाट बचाउ हुने किसिमको विद्यालयको कक्षाकोठा भएको, प्रति विद्यार्थी कक्षागत

क्षेत्रफल १ वर्गमीटरभन्दा कम नभएको, हावाको प्रवाह हुने प्रकाश व्यवस्था उपयुक्त उचाई भएको , विद्यार्थीको उचाई र उमेर अनुसारको फर्निचरको व्यवस्था, पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री स्वस्थकर खानेपानी छात्र र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था गर्नुका साथै सूचना र संचार प्रविधिको लागि कम्प्युटर, इमेल , इन्टरनेटको व्यवस्था गर्नु, यातायात र विद्युतको व्यवस्था गर्नु भौतिक व्यवस्थापन भित्र पर्दछन् । यी माथि उल्लेखित भौतिक पक्षहरूको व्यवस्थापन , व्यवस्थापन समिति, प्र.अ., शिक्षक, विद्यार्थी र समुदायको महत्वपूर्ण भूमिका रही आएको छ ।

विद्यालयमा खेलकुद मैदान र कम्पाउण्ड सहितको विद्यालयको आफ्नै भवन हुनुपर्ने, विद्यालयको वातावरण सधै स्वस्थ, सफा र बालमैत्री हुनुपर्ने नयाँ स्थापना हुने र सञ्चालन भइरहेका विद्यालयहरूले शिक्षा विभागले तयार गरेको ढाँचा अनुरुपको भवन निर्माण गर्नुपर्ने, छात्रा र छात्र मैत्री शौचालय हुनुपर्ने, सवै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनुपर्ने, कक्षा कोठाको आकार कक्षा १ देखि ८ सम्म एउटा विद्यार्थीको लागि ०.७५ वर्गमीटर क्षेत्रफल पुग्ने किसिमको हुनुपर्ने, विद्यार्थीको उमेर र उचाइ अनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्ने, हरेक कक्षा कोठामा पुस्तक राख्ने र्‍याक, शिक्षकको लागि लेख्न कालोपाटी/सेतोपाटी, शैक्षिक सामग्री भण्डारको लागि एउटा दराज प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीको लागि पुग्ने संख्यामा प्रर्याप्त डेक्स बेञ्च हुनुपर्ने साथै प्रत्येक कक्षामा बढीमा ४० जना विद्यार्थी अट्न सक्ने कक्षाकोठा हुनु पर्ने भन्ने कुरा उल्लेख गरेको पाइन्छ (नेपाल सरकार, २०६६) ।

शिक्षा नियमावली २०५९ मा भएको व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समिति भन्नाले विद्यालय सञ्चालन रेखदेख र व्यवस्थापन गर्न अभिभावकहरूको तर्फबाट छानी पठाएको एकजना अध्यक्ष, अभिभावकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना महिला सहित ३ जना सदस्य विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष १ जना सदस्य, स्थानीय बुद्धिजिवी वा शिक्षाप्रेमीहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय संस्थापक वा चन्दा दाताहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना सदस्य विद्यालयका शिक्षकहरूमध्येबाट छानी पठाएको एकजना सदस्य र विद्यालयको प्रधानाध्यापक सदस्य सचिव सहितको समिति हो (शिक्षा नियमावली, २०५९) ।

विद्यालय व्यवस्थापन समितिको कामहरू मध्ये एक काम विद्यालयको भौतिक पक्ष सुधार गर्नु पनि हो । एउटा शरीर बन्न विभिन्न तत्वहरूो आवश्यकता पर्दछ । त्यस्तै विद्यालय बन्न पनि विभिन्न पक्षहरूको आवश्यकता पर्दछ । जस्तै आर्थिक पक्ष, भौतिक पक्ष, शैक्षिक पक्ष, व्यवस्थापन पक्ष, आदि यस मध्येको भौतीक पक्षको प्रमुख भूमिका हुन्छ । भौतिक पक्ष भनेको एउटा शरिर ठड्याउन चाहिने तत्वहरूलाई बुझाउछ त्यस्तै एउटा विद्यालय ठड्याउन चाहिने प्रमुख तत्वलाई भौतिक पक्ष भन्ने बुझाउछ । त्यस्ता तत्वहरू जग्गा, भवन, कक्षाकोठा, फर्निचर, घेरावेरा, चर्पी, खेलमेदान इत्यादि । भौतिक पक्ष विद्यालयको अरूपक्षसँग निकटतम सम्वन्ध राख्दछ । विद्यालयको भौतिक पक्षमा अस्तव्यस्तताको कारण विद्यार्थीहरू विकर्षण हुनुको साथै गुणस्तरीय शिक्षा प्रदान गर्नमा व्यवधान उत्पन्न हुन्छ । अर्को शब्दमा विद्यालयको स्थापना, सञ्चालन गर्न न्यूनतम रूपमा चाहिने आवश्यक तत्वहरू भवन, जग्गा, कक्षाकोठा, फर्निचर, घेरावेरा, चर्पी, खेलमैदान र कार्यालय आदिको समष्टिगत रूप नै भौतिक पक्ष भनिन्छ । शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त, वैज्ञानिक, व्यवहारिक ज्ञान, सीप र अभिवृत्ति विकास गराउन आवश्यक पर्ने सुविधालाई भौतिक सुविधा भनिन्छ (श्रेष्ठ र बस्नेत, २०६६) ।

सामान्यतया एउटा विद्यालय सञ्चालन, रेखदेख र नियन्त्रण, यसवारेमा चाजोपाँजो मिलाउने, लेखाजोखा गर्ने, प्रारम्भिक निरीक्षण गर्ने र आर्थिक, भौतिक तथा प्रशासनिक पूर्वाधार खडा गराउने कार्यलाई विद्यालय व्यवस्थापन भन्न सकिन्छ । शैक्षिक व्यवस्थापन, प्रशासन भनेको कार्यकर्ताहरूको प्रयासमा सामन्जस्यता स्थापित गर्ने र उपयुक्त सामग्रीहरूलाई मानविय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । त्यसले केटाकेटी र युवाहरूको विकासमा मात्र नभै वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरूको विकासमा चासो राख्दछ । शिक्षा अनुसन्धानको शब्दकोष अनुसार शैक्षिक प्रशासन व्यवस्थापनमा शिक्षण एवम् सिकाइमा आधारित लक्ष्यहरू तथानीतिहरूको विकासमा सहायता  गर्न शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षण सिकाइ कार्यको सञ्चालन गर्ने कर्मचारी र सामग्रीको व्यवस्था गर्ने कुराहरू समेत समावेस हुन्छन् । क्याम्वेलको अनुसार - विद्यालयको कार्यसञ्चालनमा अरूव्यक्तिहरूको सम्लग्नता गराइ कार्य सम्पन्न गराउनु शैक्षिक व्यवस्थापन हो । विद्यालय व्यवस्थापन सम्वन्धी केहि विद्वनका विचार समेतका आधारमा विद्यालय व्यवस्थापन भन्नाले निश्चित प्रक्रिया, कार्यक्रममूखि पद्धति, मानविय स्रोत, विकास, पेशागत कार्य, व्यवस्थापकिय प्रक्रिया,

स्रोतसाधनको उपयोग, सर्वव्यापी प्रक्रिया, काम र व्यक्ति बीच सामञ्जस्यता, समस्या समाधान र उद्देश्य प्राप्त गर्ने सामुहिक कार्य मान्न सकिन्छ। तोकिएको लक्ष्य प्राप्त गराउन एउटा प्राज्ञीक थलोका रूपमा विकास गराउन गरिने सम्पूर्ण प्रयासको समस्टिगत रूप विद्यालय व्यवस्थापन हो। वर्तमान समयमा शैक्षिक व्यवस्थापनमा केन्द्रीय निकायले नीति तथा कार्यक्रमलाई कार्यन्वयनको जिम्मेवारी लिने र विद्यालय तहले वास्तविक रूपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी लिएको जिम्मेवारीको ढाँचा हो। विद्यालय तह नै शैक्षिक विकासको प्रथम र महत्वपूर्ण निकाय भएको हुँदा विद्यालयको कुशल नेतृत्वको कार्यले सुचारुरूपमा समर्ग शैक्षिक व्यवस्थापन क्षेत्रमा प्रभाव पार्ने गर्दछ (सिग्देल, २०६२)।

त्यसैगरी शिक्षा ऐन २०२८ को दफा ४ मा नेपाल सरकारले प्राथमिक तथा माध्यमिक शिक्षालाई व्यवहारिक बनाएको थियो। जसमा “सञ्चालक समिति भन्नाले कुनै शिक्षण सस्थाको सञ्चालन र सो प्रवन्धका लागि गठन गरिएको समिति सम्झनु पर्दछ” (शर्मा, २०६६)।

यस सन्दर्भमा हालका दिनहरूमा नेपाल सरकारले अङ्गिकार गरेको विकेन्द्रीकरणको अवधारणा बमोजिम शिक्षा ऐन २०२८ (सातौ संसोधन, २०५८ समेत) मार्फत सामुदायीक विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूबाट छानिएका प्रतिनिधीहरू रहने प्रावधान राखी समुदायलाईअधिकार सम्पन्न बनाउने व्यवस्था भएको छ (समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन, कार्य प्रणाली निर्देशिका, २०६०)। विद्यमान कार्य कर्तव्य र अधिकारलाई कायम गरी विद्यालय सञ्चालक समितिको सट्टामा विद्यालय व्यवस्थापन समिति नाम परिवर्तन गरियो (पौडेल, २०६३)।

उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार विद्यालय व्यवस्थपन समिति गठनको वर्तमान प्रक्रियामा सुधार गरि पठन पाठन सँग प्रत्यक्ष सरोकार राख्ने अभिभावक, विद्यालयको स्थापना र विकासमा टेवा पुऱ्याउने स्थानिय व्यक्तिहरू समेत समावेश हुने गरी प्रजातान्त्रिक प्रक्रियाबाट व्यवस्थापन समितिको गठन गरी त्यसलाई अधिकार सम्पन्न गराइयो (शर्मा, २०६६)।

नेपालको शिक्षा क्षेत्रमा प्रवन्धकीय संगठन अर्थात विद्यालय शिक्षा जनसहयोगबाट नै चलेको छ। विद्यालय व्यवस्थापन पक्षको इतिहास ज्यादै पुरानो नभएता पनि वि.सं. २००७ सालमा प्राप्त प्रजातन्त्र पश्चात औपचारिक रूपमा विद्यामान विद्यालयहरूलाई व्यवस्थित वा

संगठित तवरले संञ्चालन गर्न प्रवन्धकीय संगठनको व्यवस्थापन गरेको पाइन्छ । त्यसताका नेपालमा शिक्षा केन्द्रीय सरकार र केहि हद सम्म उत्तर भारतमा मान्यता दिने पटना विश्वविद्यालयको मातहतमा स्वतन्त्ररूपले संगठित थियो । केन्द्रिय मन्त्रालयको नियन्त्रणको हद विद्यालयहरूलाई दिइएको आर्थिक सहायताको रकमबाट निश्चित गरिएको थियो । यस कुराको निश्चय गर्न विद्यालयहरूलाई तीन वर्गमा बाँड्न सकिन्छ । सरकारी विद्यालयअर्थात सम्पूर्ण केन्द्रीय सरकारबाट प्रवन्ध र सहायता गरिएको विद्यालय पाठशालाहरू, पहिले स्वतन्त्र खुलेको तर अहिले कुनै प्रभावमा पुगेका र केन्द्रीय सरकारबाट भित्र भित्र केही परिभावमा आर्थिक सहायता पाइएको सरकारी सहायता प्राप्त विद्यालय र पाठशालाहरू तथा प्रवन्ध र अर्थ दुवैमा स्वतन्त्र चलिरहेको स्वतन्त्र विद्यालयहरू प्रजातान्त्रिक रीतिबाट रोजिएको शिक्षा समिति वा प्रवन्ध समिति मार्फत केन्द्रीय सरकार र ग्राम सरकारी अधिकारीहरूको संयुक्त प्रवन्ध र अर्थबाट चल्ने राष्ट्रिय नाम दिइएका विद्यालय पाठशालाहरू वर्तमान समयमा सरकारी विद्यालय बाहेक अरू सारा शिक्षालयहरू पढाइ शुल्क सङ्ग्रहबाट पनि केही मद्दत पाउदै थियो । शिक्षा मन्त्रीको मातहतमा शिक्षालाई हेर्ने एक शिक्षा सचिव, दुई उपसचिव, तीन सहायक सचिव आदिको एक समिति मन्त्रीय तहमा हुन्थ्यो । यिनका अतिरिक्त मुख्य सञ्चालक र दुई अरू सञ्चालक विद्यालय निरीक्षक तथा अन्य पदाधिकारीहरू थिए । सरकारको शैक्षणिक नीति र कार्यक्रम यो मन्त्रालयबाट निर्धारण र कार्यान्वयन गरिन्थ्यो । यसकार्यमा सहायता गर्न २० सदस्यहरूको एक राष्ट्रिय शिक्षा समितिको व्यवस्था गरिएको थियो ।

सम्वत २००९ मा एक निरीक्षक, तीन उपनिरीक्षक र आवश्यक मद्दतहरू सहित सात प्रादेशिक विभाग यी विद्यालय पाठशालाहरूको निरीक्षण र प्रवन्धको व्याख्या गरिएको थियो । यी प्रादेशिक निरीक्षक र उनका उपनिरीक्षकहरू सहायक जनशिक्षा सञ्चालकप्रति उत्तरदायित्व थियो । प्रत्येक सरकारी पाठशालाका प्रधानाध्यापक, निरीक्षण अड्डा र प्राय सल्लाह समिति भएको एक प्रवन्ध समिति प्रति जवाफदेही थियो । प्रत्येक सरकारी रकमको हिसावका निम्ति जवाफदेही थिए । सरकारी सहायता प्राप्त गर्न विद्यालयहरूलाई आवश्यक निरीक्षण गर्नु पर्दथ्यो र आवश्यक निरीक्षणका लागि स्वतन्त्र विद्यालयहरू पनि निवेदन गर्ने व्यवस्था थियो । यी स्वतन्त्र विद्यालयहरूमा प्रवन्ध समितिले धेरै मात्रामा प्रबन्धकीय नियन्त्रण राख्दथियो । प्रवन्ध समिति प्राय जसो ७ देखी १५ जना सम्म सदस्यहरूको समिति

हुन्थ्यो । यसमा शिक्षक, आमावावु, प्रधानाध्यापक र स्वतन्त्र गृहस्थी वा जनाउ मानिसहरू प्रतिनिधित्व गर्दथे ।

नेपालमा राजनैतिक परिवर्तनका साथ साथै जनतामा चेतना अभिवृद्धि भएकोले विद्यालयको आवश्यकता पनि बढ्न थाल्यो । फलस्वरूप विद्यालय शिक्षालाई सङ्गठित तथा विकासका लागि शिक्षा ऐन २०२८ अनुसार विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराइराख्ने भनी अधिकार प्रदान गरी १० जना सदस्य रहने विद्यालय सञ्चालक समितिको गठन गर्ने व्यवस्था गरियो । यसको पदावधि ३ वर्ष कायम गरियो । वि.सं. २०३६ सालमा माध्यमिक विद्यालयको हकमा ९ देखि ११ जनासम्म समितिको व्यवस्था गरिएको थियो । यस समितिमा विद्यालय संस्थापक, अभिभावक शिक्षा तथा समाजसेवी, चन्दादाता तथा जि.शि.अ.का प्रतिनिधिहरू रहने व्यवस्था गरिएको थियो । विद्यालय सञ्चालक समितिको पदावधि चार वर्ष रहेको थियो ।

यसका अध्यक्ष तथा सदस्य सचिव जिल्ला शिक्षा समितिले मनोनित गरेको र सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदेन सदस्यसचिव रहने व्यवस्था थियो । भौतिक सुविधा जुटाउने, विद्यालय सम्पतिको संरक्षण र सम्वर्धन गर्ने कार्यका साथै सञ्चालक समितिले शिक्षकको नियूक्ति, सरूवा, बढुवाको सिफारिस गर्ने तथा शिक्षकहरूलाई पुरस्कार र दण्ड दिने अधिकार पनि थियो (शर्मा, २०६६)।

शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८ मा व्यवस्थागरी सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अगाडि सारेको छ । शिक्षा ऐन २०२८ को आठौ संसोधनमा शिक्षा अध्यादेशको दफा ११ (थ) मा भनिएको छ । कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानिय निकाय व्यवस्थापन समिति वा संस्थालाई जिम्मा दिन सक्नेछ । यसरी व्यवस्थापन जिम्मा दिइएका विद्यालयलाई यस ऐनको अधिनमा रही एक मुष्ठ अनुदान रकम दिइनेछ । २०६३ को संशोधन अनुसार स्थानिय निकाय वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा लिन चाहेमा आवश्यक कानुनी प्रकृयाहरू पूरा गरी जिम्मा दिन सकिने व्यवस्था गरिएको छ । यस समितिले शिक्षक नियुक्ति तथा त्यसरी नियुक्ति गरिएको शिक्षकको बढुवा तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ (सिप्रेक केन्द्र, २०६४) ।

यसैगरी शिक्षा ऐन, २०२८ को दफा १६-घ को उप-दफा ४ मा विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थी सँग कुनै किसिमको शुल्क लिन नपाउने कडा कानुनी व्यवस्था गरेको छ। यसबाट भौतिक निर्माण तथा सुधारका लागि विद्यार्थीलाई आर्थिक स्रोतको रुपमा लिन रोक लगाईएको छ। शिक्षा ऐन, २०२८ को दफा १९ को नियम बनाउने अधिकार अन्तरगतका भौतिक पक्ष सम्बन्धमा विद्यालयको सम्पति सुरक्षा, विद्यालयको छात्राबास चलाउने, पुस्तकालय र बाचनालय तथा आवासीय विद्यालय सञ्चालन सम्बन्धी नियम बनाउने अधिकार प्रत्यायोजित गरेको छ।

विद्यालयको भौतिक स्रोतका विभिन्न पक्षहरूमा केन्द्रीत भई शिक्षा नियमाबलीमा नियमहरू बनाइएको पाइन्छ। शिक्षा नियमावली, २०४९ को आठौं संसोधन को परिच्छेद २८ मा विद्यालयको सम्पति संरक्षण सम्बन्धीको व्यवस्था, परिच्छेद २९ को नियम १६६ मा स्थानीय स्रोतबाट रकमको व्यवस्था गर्नुपर्ने भन्ने शीर्षकमा विद्यालयले विद्यालयको भवन, फर्निचर र अन्य कार्यको लागि स्थानीय स्रोतबाट रकमको व्यवस्था गर्नुपर्नेछ भनिएको छ। यस्तै नियम १७५ मा बिदेशबाट शैक्षिक सामग्री आयात गर्दा विद्यालयहरूलाई भन्सार सुबिधा छुट दिन सकिने व्यवस्था गरिएको छ।

शिक्षा नियमावली २०५९ आठौं संसोधनको अनुसूची ३ अनुसार कक्षाकोठाहरू सामान्यतया नौ फिट उचाइको तथा घाम पानीवाट वचाउ हुने किसिमको हुनुपर्ने, कक्षागत क्षेत्रफल पूर्व प्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमीटर भन्दा कम हुन नहुने, अध्यापन गराइने कक्षाकोठामा हावाको प्रवाह, प्रकाशको ब्यवश्थाको साथै स्वस्थ हुनुपर्ने, कक्षाकोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्ने, यथेस्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने, विद्यालयमा छात्र/छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी वरावर कम्तिमा २ प्रतिका दरले पुस्तक भएको पुस्तकालय हुनुपर्ने, शिक्षण क्रियाकलापको लागि आवश्यक शैक्षिक सामग्रीहरू जस्तै-कालोपाटी, नक्सा, ग्लोव, गणितीय सामग्री आदि हुनुपर्ने उल्लेख छ।

यसैगरी सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने कम्पाउन्ड हुनुपर्ने, भलिवल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनुपर्ने, पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनुपर्ने, तराइ क्षेत्रका विद्यालयमा प्रति कक्षा ५० जना विद्यार्थी हुनुपर्ने, प्राथमिक विद्यालय (१-५) कक्षाको लागि कम्तीमा ५ जना शिक्षकको

व्यवस्था हुनुपर्ने, विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने, आवासीय विद्यालयको लागि आवास भवन हुनुपर्ने र विद्यालयको हाता कम्पाउन्डले घेरिएको हुनुपर्ने उल्लेख गरिएको छ (शिक्षा नियमावली, २०५९) ।

विद्यालय शिक्षा प्रणालीलाई व्यवस्थित पार्ने क्रममा शिक्षा सम्वन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले प्रत्येक विद्यालयमा प्रति विद्यार्थी कक्षागत क्षेत्र १ वर्गमिटर भन्दा कम हुन नहुने, मौसमको कारणले विद्यालय वन्द हुनु नपरोस भन्नका लागि प्रत्येक कक्षाकोठाहरू घाम र पानीवाट वचाउ हुने किसिमको स्वस्थ हुनुपर्ने, शिक्षण सिकाइका लागि उपयुक्त किसिमको कक्षा र हावाको प्रवाह, प्रकाश व्यवस्था, उपयुक्त उचाइ आदिको व्यवस्था हुनुपर्ने, विद्यालयमा पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री र स्वस्थकर र खानेपानीको उचित प्रबन्ध हुनुपर्ने, छात्र र छात्राका लागि अलग अलग शौचालयको समुचित व्यवस्था हुनुपर्ने, विद्यालय भवन निर्माण गर्दा शारीरिक तथा मानसिक रुपमा अशक्त विद्यार्थीहरूका लागि समेत आवत जावत गर्न सक्ने खालका हुनुपर्ने कानूनी व्यवस्था गरी भौतिक स्रोतको व्यवस्थापन गरिने उल्लेख गरेको छ (शर्मा, २०६१) ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२) ले विद्यालयको संरचनालाई १-८ लाई आधारभुत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा अन्तरगत राखेको छ । आधारभूत तहको शिक्षामा निम्न तीन उप ढाँचाका विद्यालय हुने उल्लेख गरेको छ । ती हुन् : कक्षा १-३ सम्म प्रारम्भिक विद्यालय, कक्षा १-५ सम्मका प्राथमिक विद्यालय र कक्षा १-८ सम्मका उच्च प्राथमिक विद्यालय । यसरी विगतको भन्दा फरक हिसाबले प्राथमिक तहलाई लिइएको पाइन्छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालयहरूको भौतिक वातावरणका क्षेत्रमा लिएका नीति तथा कार्यक्रमहरू यसप्रकार छन् ।

क) विद्यालयको वातावरण

खेलकुद मैदान र कम्पाउण्ड सहितको विद्यालयको आफ्नै भवन हुनुपर्दछ । विद्यालयको वातावरण सधैं स्वस्थ, सफा र बालमैत्री हुनु पर्दछ । शिक्षा विभागले नयाँ स्थापना हुने र सञ्चालनमा भइरहेका विद्यालयहरूले पूरा गर्न सक्ने खालको भौतिक अवस्थाको विस्तृत विवरण सहितको नयाँ विद्यालय र विद्यालय सुधार योजनाको नमुना विकास गर्नेछ । स्थापना हुने नयाँ विद्यालयको भवन शिक्षा विभागले अन्तिम रुप दिएको ढाँचा अनुसारको

हुनाका साथै शिक्षा विभागले तयार गरेको वातावरणीय आवश्यकताहरू पनि पूरा भएको हुनु पर्दछ ।

हाल सञ्चालन भइरहेका विद्यालयहरूले आगामी ३ बर्षमा कार्यान्वयन हुन सक्ने खालको विद्यालय सुधार योजना बनाउनु पर्दछ । विद्यालय सुधार योजना कार्यान्वयन गर्नका लागि आवश्यक आर्थिक व्यवस्थापनमा केन्द्रीय/स्थानीय निकाय (सरकार) र विद्यालय रहेको समुदायले साझेदारी गर्नुपर्दछ ।

(ख) विद्यालयमा सुविधाहरूको व्यवस्था

सबै विद्यालयमा एउटा छात्र र एउटा छात्राका लागि कम्तीमा १/१ वटा छुट्टा छुट्टै शौचालय हुनु पर्दछ । प्रारम्भिक विद्यालयमा छात्र र छात्राका लागि एक एक गरी कम्तीमा २ ओटा शौचालय हुनु पर्दछ । कक्षा १-५ सम्मको प्राथमिक विद्यालयमा कम्तीमा ३ ओटा छुट्टै शौचालय हुनु पर्दछ । ती मध्ये छात्राहरूका लागि कम्तीमा एउटा हुनु पर्दछ , बाँकी शौचालयको प्रयोग सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले विद्यार्थीहरूको चापका आधारमा निर्णय गर्नेछ । यस्तै गरेर कक्षा १ देखि ८ सम्म पढाइ हुने उच्च प्राथमिक विद्यालयमा कम्तीमा ५ वटा शौचालय हुनु पर्दछ , जसमध्ये कम्तीमा २ ओटा छात्राहरूको प्रयोगका लागि हुनु पर्दछ । यी शौचालयहरूमा सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनु पर्दछ । सबै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनु पर्दछ ।

(ग) कक्षाकोठा र यसको आकार

विद्यालय सञ्चालन भएका प्रत्येक कक्षाका लागि एउटा छुट्टै कक्षाकोठा हुनु पर्दछ । उदाहरणका लागि १ देखि ३ कक्षासम्म पढाइ हुने प्रारम्भिक विद्यालयका लागि कम्तीमा ३ वटा कक्षाकोठाको व्यवस्था हुनु पर्दछ । कक्षाकोठाको आकार कक्षा १ देखि ८ सम्म एउटा विद्यार्थीका लागि ०.७५ बर्ग मीटर क्षेत्रफल पुग्ने किसिमको हुनु पर्दछ भने अन्य खाली ठाउँ शिक्षा विभागले तयार गरेको विद्यालय ढाँचामा तोकिए अनुसारको हुनु पर्दछ ।

विद्यालयहरूको प्रभावकारी र दक्षतायुक्त सञ्चालनका लागि विद्यालयको आकार र किसिम अनुसार तलको तालिकामा दिइएको अधिकतम संख्या नबढ्ने विद्यार्थीहरू हुनु पर्दछ :

तालिका १

प्रति विद्यालय अधिकतम विद्यार्थी संख्या

| विद्यालयको किसिम | न्यूनतम विद्यार्थी संख्या | अधिकतम विद्यार्थी संख्या |
|---|---|---|
| आधार (१-३) | ९० | १५० |
| प्राथमिक (१-५) | १५० | २५० |
| उच्च प्राथमिक (१-८) | २५० | ४०० |

माथिको तालिकामा उल्लेख भएको अधिकतम संख्या भन्दा बढी विद्यार्थी भर्ना गर्ने विद्यालयले स्थानीय अख्तियारवाला बाट स्वीकृति लिनुपर्दछ। यस प्रसंगमा स्थानीय अख्तियारवालाले निम्न कुराहरूको सुनिश्चितता गर्नु पर्दछ : १) विद्यार्थीका लागि आवश्यक भौतिक व्यवस्थापन र विद्यार्थीको न्यूनतम सक्षमता अवस्थाको प्राप्ति, २) ठूलो विद्यार्थी संख्यामा लागत प्रभावकारिताका साथ विद्यालयको सञ्चालन।

घ) कक्षाकोठामा फर्निचर र अन्य सामग्रीहरू

प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाइ अनुसारको आफ्नै फर्निचरको व्यवस्था हुनु पर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर अनुसारका लागि सुहाउने हुनुपर्दछ। हरेक कक्षाकोठामा एउटा पुस्तक राख्ने र्‍याक, शिक्षकका लागि लेख्ने कालो/सेतो पाटी, शैक्षिक सामग्री भण्डारणको लागि एउटा दराज, प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने संख्यामा पर्याप्त डेस्क र बेञ्च हुनुपर्दछ। शिक्षा विभागले विद्यार्थीको उमेर सुहाउँदो फर्निचरको ढाँचा सहितको कक्षाकोठाको अन्तिम रुपको ढाँचा उपलब्ध गराउनेछ।

ङ) कक्षाको आकार

प्रत्येक कक्षामा बढीमा ४० जना भन्दा बढी विद्यार्थी हुनुपर्दछ। यसरी नै विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात बढीमा १:४० कायम हुनुपर्दछ।

च) पुस्तकालय

हरेक विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा सान्दर्भिक पुस्तक सहितको एउटा पुस्तकालय हुनुपर्दछ। विद्यालयमा भएका पुस्तकालय शिक्षक र विद्यार्थीले सजिलै पुस्तक

पाउने गरी विद्यालय समयमा खुल्ला हुनुपर्दछ। विद्यालयको पुस्तकालयमा पाठ्यपुस्तकबाहेक कम्तीमा तीन संख्यामा अन्य पुस्तकहरू हुनु आवश्यक छ। आधार (१-३) मा न्यूनतम पुस्तक संख्या ५०० थान, प्राथमिक (१-५) मा न्यूनतम पुस्तक संख्या १००० थान, उच्च प्राथमिक (१-८) तहमा न्यूनतम पुस्तक संख्या २००० थान हुनुपर्ने व्यवस्था छ।

तालिका २

न्यूनतम पुस्तक संख्या

| विद्यालयको किसिम | न्यूनतम पुस्तक संख्या |
|---|---|
| आधार (१-३) | ५०० |
| प्राथमिक (१-५) | १००० |
| उच्च प्राथमिक (१-८) | २००० |

छ) अतिरिक्त क्रियाकलाप र सामग्रीहरू

विद्यालयहरू मा कोठा भित्र र बाहिर खेल्न सकिने खेलका सामग्री र मनोरञ्जनका सामग्रीहरू सहितका अतिरिक्त कार्यकलाप आयोजना गरी विद्यार्थीहरूलाई सहभागी गराउनु पर्नेछ (बिक्षेसुयो, २०६६-७२)।

विद्यालय व्यवस्थापन समिति विद्यालयको निरीक्षण कार्यमा सघाउ पुर्‍याउने हिसावले गठन भएतापनि व्यवहारिक रूपमा विद्यालयको भौतिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ। विद्यालयको भौतिक पक्ष अस्तव्यस्त  भएमा विद्यार्थीहरू विद्यालय प्रति विकर्षण हुन्छ साथै गुणस्तरीय शिक्षामा अवरोध हुने गदृछ। भुपरिवेष्टित राष्ट्र नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने खोटाङ, सिराहा र सप्तरी को बीच रहेको उदयपुर जिल्लाका जम्मा ९ वटा स्रोत केन्द्रहरू मध्ये देउरी स्रोत केन्द्र पनि यस विद्यालयको भौतिक समस्याबाट अलग रहन सकेन। यसरी शिक्षा क्षेत्रमा ठूलो समस्याको रूपमा रहेको भौतिक अस्तव्यस्ततालाई भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई विशेष प्राथमिकता दिई यो शोधप्रत्र तयार पारिएको छ।

## १.२ समस्याको कथन

विद्यालयबाट नै कुनै पनि बालबालिकाको उच्च शिक्षाको शुरूवात हुनेहुँदा यस तहका शिक्षण प्रभावकारी भए मात्र ती बालबालिकाको माथिल्लो तहका शिक्षण प्रभावकारी बन्न सक्छ । यसर्थ विद्यालयको शिक्षणलाई व्यवस्थित गर्न विद्यालयका भौतिक पुर्वाधारहरू भवन, कक्षाकोठा, फर्निचर, कार्यालय, शौचालय, खेल्नेमैदान, पुस्तकालय, खानेपानी, प्रयोगशाला, फुलबारी, साइकल स्टेण्डलाई व्यवस्थित र आकर्षित बनाउनु जरूरी हुन्छ । विद्यालय व्यवस्थापन समितिले समुदायसँग सुमधुर सम्बन्ध राख्दै विद्यालयको भौतिक, आर्थिक, व्यवस्थालाई सुदृढीकरण गर्न जिल्ला शिक्षा कार्यालय स्रोतकेन्द्र र विद्यालय बीच सम्बन्ध बढाउने जिम्मेवारको रूपमा निर्वाह गर्नुपर्छ । विद्यालय व्यवस्थापन समितिको भूमिका के कस्तो भएमा विद्यार्थी तथा विद्यालयको चौतर्फी विकास र उन्नती हुन्छ भन्ने बारेमा अध्ययन गर्न यस शोधकार्यलाई अगाडि बढाइएको छ ।

विद्यालयको भौतिक व्यवस्थापन सुदृढीकरणका लागि नै विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हुन्छ जुन विद्यालयको व्यवस्थापन समिति सक्रिय हुन्छ त्यस विद्यालयको भौतिक पक्ष सबल हुन्छ र जुन विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिम्मेवारी बोध नभएको र निष्क्रीयता हुन्छ । त्यस विद्यालयको भौतिक पक्ष अस्तव्यस्त हुन्छ । विद्यालयको भौतिक निर्माणमा संरक्षण र सुदृढीकरण गर्न विद्यालयको व्यवस्थापन समितिको प्रमुख भूमिकाहरूको खोजी गर्नु यस शोधपत्रको मुख्य विषय रहेको छ । ती विषयवस्तुहरू यस स्रोतकेन्द्रका विद्यालयहरूमा केन्द्रित रही केही प्रमुख प्रश्नहरू यसप्रकार रहेका छन् -

क) भौतिक पक्षको व्यवस्थापनमा विद्यालय व्यवस्थापन पक्षले कस्तो भूमिका खेलेको छ ?

ख) विद्यालयको भौतिक पक्षको सुधारमा विद्यालय व्यवस्थापन कतिको सक्रिय छ ?

ग) के भौतिक अभावले शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न सकिन्छ ?

घ) विद्यालय व्यवस्थापन समितिको सक्रियताले के शैक्षिक विकास र शैक्षिक गुणस्तरमा अभिवृद्धि हुन सक्छ ?

ङ) के विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रति दायित्व सक्षमताका साथ बहन गर्न सक्दछ ?

च) विद्यालयको भौतिक पूर्वाधारहरूलाई निर्माण गर्न कहाँ कहाँबाट आर्थिक स्रोत जुटाउन सकिन्छ ?

छ) विद्यालय व्यवस्थापन समितिका वर्तमान भूमिकालाई अझ सशक्त र प्रभावकारी बनाउन के कस्तो भूमिका निर्वाह गर्न सक्नु पर्दछ?

ज) विद्यालय व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी र दायित्व निर्वाह गर्न के के गर्नुपर्छ ?

झ) विद्यालय र समुदाय बीच सम्बन्ध बलियो पार्न विद्यालय व्यवस्थापन समितिले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ ।

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन अनुसन्धानले सम्बन्धित क्षेत्रका विद्यालयहरूको प्र.अ. तथा शिक्षकहरूलाई विद्यालयको भौतिक सुधार गर्न सहयोग मिल्दछ । यस क्षेत्रका विद्यालय व्यवस्थापन समितिहरूलाई विद्यालयको अनुगमन र भौतिक सुधार गर्न सहयोग पुग्दछ । त्यसैगरी सम्बन्धित क्षेत्रका योजनाकारहरूलाई शैक्षिक तथा विद्यालय भौतिक योजना तर्जुमा गर्न सहयोग गर्दछ । यस क्षेत्रका नीति निर्माताहरूलाई शैक्षिक नीति निर्माणमा सम्बन्धित तथ्याङ्क उपलब्ध हुनेछ । यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूलाई सन्दर्भ सामग्रीको रूपमा सहयोग मिल्नेछ । सम्बन्धित विद्यालयहरूको शिक्षक, अभिभावक संघ र सरोकारवाला पक्षहरूलाई विद्यालयको भौतिक निर्माण पूरा गर्न आधार प्राप्त हुनेछ ।

कुनै पनि विषयमा गरिने अध्ययन तथा अनुसन्धान चुनौतीपूर्ण कार्य हो । अध्ययन गर्ने क्रममा समस्या कहाँ छ र समस्याको कारण के हो भनेर केलाउनु पर्दछ । कुनै पनि संघ संस्थाले राखेको उद्देश्य अनुसार उपलब्धि हासिल गर्न त्यतिबेला मात्र सफल हुन्छ जुन बेला त्यस संस्थाको स्रोत र साधनको व्यवस्था र उच्चतम उपयोग गर्न सकिन्छ । अन्यथा सम्भव हुन गाह्रो पर्दछ । विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको अपरिहार्य भूमिका रहन्छ । स्तरीय व्यवस्थापनको कारणले नै विश्वका विकसित मुलुकको शिक्षाको स्तर उच्च कोटीको रहन गएको छ । समुन्नत र स्तरीय शिक्षाले नै देशलाई अग्रस्थानमा पुऱ्याउँदछ । तसर्थ यसका लागि विद्यालय व्यवस्थापन गर्नु महत्वपूर्ण मानिन्छ । अतः यो शोध अध्ययन गर्नु महत्वपूर्ण छ । गुणस्तरीय शिक्षाका लागि विद्यालयमा उपलब्ध गराउनु पर्ने भौतिक आवश्यकतामा सुधार शैक्षिक सामग्री, उपयुक्त शैक्षिक वातावरण नै विद्यालय व्यवस्थापनको तत्वहरू भित्र पर्दछ यी कुराहरूको बारेमा यस अध्ययन भित्र समेटिने हुँदा यो औचित्यपूर्ण छ ।

विद्यालयले प्रदान गर्ने शिक्षा गुणस्तरीय हुनुपर्दछ । शिक्षालाई स्तरीय बनाउन उपयुक्त भौतिक सुविधा, योग्य शिक्षक, विषय वस्तु अनुरुप शैक्षिक सामग्रीहरू, पुस्तकालय, विज्ञान विषयका लागि प्रयोगात्मक कक्षा र अतिरिक्त क्रियाकलाप सामग्रीहरू आदि विद्यालयमा उपलब्ध गराउनु पर्दछ । अनि मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । यसको व्यवस्था गर्न विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ भन्ने तर्फ ध्यान आकर्षण गराउन यस अध्ययनले सहयोग गर्दछ । साथै विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिकाको बारेमा अध्ययन अनुसन्धान नभएको हुँदा यस अध्ययनबाट विद्यालयको कुन कुन पक्षको भौतिक सुधारमा व्यवस्थापन समितिले कसरी राम्रो व्यवस्थापन गर्न सक्षम र सवल बन्न सक्छ भनी महत्व राख्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस शोध अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् :

क) विद्यालयको भौतिक पक्षको विश्लेषण गर्नु ।
ख) विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिकाको अवस्था पहिचान गर्नु ।
ग) विद्यालयको भौतिक व्यवस्थापनमा रहेका समस्याहरू खोजी गर्नु ।
घ) विद्यालयको भौतिक पक्ष सुधारका लागि सुझावहरू प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

शोधकार्य स्वभाविकरूपले अनुसन्धानमूलक हुने भएको र त्यस्ता अनुसन्धानबाट सम्बन्धित समस्याको समाधान गर्न उपयुक्त उपाय निकाल्न सकिने हुँदा यस्ता समस्याहरू समाधान गर्न सहज होस् भन्ने उद्देश्यले केही अनुसन्धानका प्रश्नहरू तल प्रस्तुत गरिएको छ ।

क) विद्यालयको भौतिक पूर्वाधारको अवस्था के कस्तो छ ?
ख) विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको के कस्तो भूमिका छ ?
ग) विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरू के कस्ता छन् ?
घ) विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक तथा भौतिक व्यवस्थापनमा सही नेतृत्व दिई सफल बनाउनका लागि के कस्ता उपायहरू अवलम्वन गरिनु पर्दछ ?
ङ) विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानका उपायहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन अनुसन्धान खोटाङ जिल्लाको २७ वटा स्रोतकेन्द्रहरूमध्ये रतन्छा स्रोतकेन्द्रको विद्यालयहरूमा मात्र आधारित छ । यस रतन्छा स्रोतकेन्द्रका मा.वि., नि.मा.वि. र प्रा.वि. लगायत १२ वटा विद्यालय मध्ये ५ वटा विद्यालयलाई अनुसन्धान गरिएको छ । यस केन्द्र अन्तर्गत २ गा.वि.स. पर्दछन् । गा.वि.स.का विद्यालयहरू समेटिने गरी ५ वटा विद्यालयलाई अध्ययनको क्षेत्र कायम गरिएको छ । यस अध्ययन अनुसन्धानमा विद्यालयको न्यूनतम भौतिक सुधार जस्तै : भवन, जग्गा, फर्निचर, घेराबेरा, चर्पी, पुस्तकालय, खेलमैदान, खेलसामग्री, खानेपानी र कार्यालय आदिलाई मात्र भौतिक पक्षको विश्लेषण र प्रस्तुती गरिएको छ । अध्ययनका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. तथा शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिलाई मात्र अध्ययनको क्षेत्र कायम गरिएको छ । विद्यालयको भौतिक पक्ष अन्तर्गत भवन, कक्षाकोठा, कार्यालय, शौचालय, पुस्तकालय, खेलमैदान, घेराबारा र खानेपानी आदि मात्र अध्ययन गरिएको छ । यो अध्ययन गा.वि.स.का क्षेत्रमा गरिएको हुनाले अन्य क्षेत्रसँग मेल नखान सक्छ । यो अध्ययन नमुना छनोटमा परेका उत्तरदाताहरूको सूचनाको आधारमा पूर्ण रूपमा तयार पारिने भएकाले उत्तरदाता फरक परेमा मेल नखान सक्छ । यस अध्ययनमा विद्यालयको अन्तिम दुई वर्ष (२०७० र २०७१) लाई मात्र अध्ययन गरिएको छ । यो अध्ययनमा विद्यालयहरूको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकामा मात्र केन्द्रित रहेको छ ।

## १.७ सम्बन्धित शब्दावलीहरूको परिभाषा

स्रोतकेन्द्र : शिक्षा नियमावली २०५९ अनुसार बनेको जिल्ला शिक्षा कार्यालय अन्तर्गत सञ्चालित संस्था

विद्यालय व्यवस्थापन समिति : सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख वा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी पाएको व्यक्ति

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालय

शिक्षक : समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयमा अध्यापन गराउने व्यक्ति

शिक्षक अभिभावक संघ : सामुदायिक विद्यालयका शिक्षक र अभिभावक रहेको समिति

शैक्षिक सत्र : विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि

गुणस्तरीय शिक्षा : तुलनात्मक रुपमा स्तरीय शिक्षालाई गुणस्तरीय शिक्षा भनिन्छ

अभिलेख : कार्यालयमा महत्वपूर्ण कागजातको सञ्चितीलाई अभिलेख भनिन्छ

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालय अभिलेखमा उल्लेख भएका व्यक्तिहरू वा शिक्षा नियमावलीले तोकेका व्यक्तिहरू

प्रधानाध्यापक : विद्यालयमा अध्यापन र व्यवस्थापन दुवै कार्यहरू गर्ने, शिक्षकहरूमध्ये प्रमुख व्यक्ति

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यो शोधपत्रको खोजमूलक अध्ययन अनुसन्धानमा पूर्व साहित्यको अध्ययन गर्न अर्थात् आधारको रूपमा प्रयोग गर्न महत्वपूर्ण स्थान रहेको हुन्छ । यस्ता सिद्धान्त, पुस्तक, लेख, रचना, समीक्षा आदि पूर्व साहित्यलाई वर्तमानको अनुसन्धान विषयसँग सम्बन्ध र तुलना गरी समीक्षा गरिएको छ ।

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्य शैक्षिक विकेन्द्रीकरणको उत्तम अभ्यास हो । समुदायमा विद्यालय हस्तान्तरण कार्यक्रम प्रजातन्त्रको अभ्यास हो । शैक्षिक प्रजातान्त्रीकरण र शैक्षिक विकेन्द्रीकरण एकै सिक्काका दुईपाटा हुन् । विकेन्द्रीकरण भनेको अधिकारको निक्षेपण र अधिकार प्रत्यायोजन गरी शिक्षामा सरोकारवालाहरूलाई जवाफदेही र उत्तरदायी बनाउने कार्य नै हो । शिक्षकहरूले असहमती देखिने २ वटा वुँदा छन् ।
१) शिक्षा राज्यको दायित्व हो । राज्य शिक्षाको दायित्वबाट आफू अलग हुन खोजिरहेको छ ।
२) शिक्षामा राजनितीकरण भई शिक्षकलाई दुःख पाउने र पठनपाठनमा बाधा पुगी गुणस्तरमा कमी आउन सक्ने भनिएको छ । शिक्षकलाई इङिगत गर्दै लेखिएको छ की यदि समुदायमा विद्यालय हस्तान्तरण कार्य विकेन्द्रीकरणको विरूद्धमा र प्रजातन्त्रको विरूद्धमा छ भने शिक्षक मित्रहरूले सम्बन्धित पक्षलाई प्रष्ट्याउनु पर्‍यो । यदि प्रजान्त्र र विकेन्द्रीकरणको पक्षमा छ भने कार्यक्रमलाई सहयोग गर्नुपर्‍यो भनी लेखिएको छ (दाहाल,२०६१) ।

मानवअधिकार, बालअधिकार, महिलाअधिकार वा शैक्षिक अधिकार तथा सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा र प्रतिवद्धताहरूले गर्दा शिक्षा प्रति बढ्दो जनआकांक्षा तथा जनचाहना परिपूर्ती गर्ने राज्य स्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई गाउँ नगरसम्म पुर्‍याउनु विकेन्द्रीत शैक्षिक योजना र व्यवस्थापनको टड्कारो आवश्यकता आज विश्वभरी नै देखिएको छ । विकेन्द्रकरणको औचित्व संस्थागत सुधार, विद्यालयलाई जनताको नजिक ल्याउने, अपेक्षित उद्देश्यहरूलाई सुनिश्चित गर्नु हो । यसका लागि तल्लो निकायको स्वरुप निर्धारण विधि, क्षेत्रमा आधारित व्यवस्थापन, पाठ्यक्रम सुधार विधि र दुई ध्रुवीय विधिबाट शासन गर्नुपर्ने भनी शैक्षिक उन्नयन २०६२ वैशाख अंक १ मा लेखकले औल्याएका छन् ।

केन्द्रीय स्तरको निर्णयले स्थानीय आवश्यकता र चाहनालाई समेट्न सक्दैनन् । प्रत्येक समुदायको आफ्नै भौगोलिक किसिमको अवस्थिती, सामाजिक संरचना, आर्थिक बनौट, शैक्षिक स्थिति र विशेषता हुन्छन् । सोही विशेषता अनुरूप नै शैक्षिक आवश्यकता र कार्यक्रममा विविधता ल्याई शासन गर्नु पर्दछ । शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी यावत प्रकृयामा सरोकारवालाहरूको पूर्ण सहभागिता र जवाफदेहिताको प्रारूप राज्यले सुनिश्चित गरिदिनु पर्छ भन्ने लेखकको ठहर छ ( सिन्हा, २०६२ ) ।

राष्ट्रिय शिक्षा आयोगले शैक्षिक व्यवस्थापनको सम्बन्धमा विद्यालयहरू पूरा समय सञ्चालन नरहने गरेकाले प्र.अ.द्वारा विद्यालय समयसम्म सञ्चालन गराउनु पर्ने, विद्यालयमा शैक्षिक सामग्री तथा सहायक सामग्रीको व्यवस्था गर्नु पर्ने, विद्यालयभित्र प्रत्येक शिक्षक तथा कर्मचारीमा उत्तरदायी भावनाको अभाव रहेको पाइन्छ । त्यसैले यस सम्बन्धमा आवश्यक कदम चाल्नु पर्ने, विद्यालय हाता कक्षाकोठा र अन्य कोठाहरू व्यवस्थित गर्नुपर्ने, आर्थिक रुपमा विद्यालयहरू केन्द्रमुखी भएको पाइन्छ । त्यस्तो नभई विद्यालयलाई आत्ममुखी बनाउनु पर्ने, विद्यालय व्यवस्थापन सक्रिय बनाई सम्भव भएसम्म जनसहभागिता बढाउनु पर्ने, कुराहरूमा जोड दिएको पाइन्छ (रा.शि.आ., २०४९) ।

उच्च स्तरीय राष्ट्रिय आयोगको सिफारिसमा शैक्षिक व्यवस्थापनको समस्या र समाधानको लागि प्र.अ.को नियुक्ति, काम, कर्तव्य नाम मात्रको रहेकोले यसबाट अपेक्षित भूमिका निर्वाह गर्न सक्ने बनाउनको लागि प्राथमिक विद्यालयमा निम्न माध्यमिक योग्यता, निम्न माध्यमिक तहमा माध्यमिक योग्यता र माध्यमिक तहमा उच्च माध्यमिक तहको योग्यता भएको व्यक्तिहरू बीचबाट प्रतियोगिता गराइ सक्षम र योग्य व्यक्तिलाई प्र.अ. छान्नुपर्ने, विद्यालयमा व्यवस्थापन सम्बन्धमा सुव्यवस्था गर्नका लागि आवश्यक पर्ने, विद्यार्थी शिक्षक, भौतिक आदि व्यवस्थापन हेरेर र विद्यालयका प्रधानाध्यापकले योजना बनाई काम गर्नु पर्ने, विद्यालय व्यवस्थापन समिति गठन गरी त्यसलाई विद्यालयको हित र आवश्यकतामा अत्याधिक परिचालन गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ (उ.रा.शि.आ., २०५५) ।

सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरणको पृष्ठभूमि, हालको प्रकृया, समस्याहरू, समाधानका उपायहरूको बारेमा चर्चा गरिएको छ । २०६० साल पौष १८ गते सम्म नेपाल अधिराज्यमा ३६ जिल्लामा १५० वटा विद्यालयका माध्यमिक तह हस्तान्तरण भइसकेको

जनाइएको छ । सो लेखमा विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा स्थानीय वातावरण, आवश्यकता र समस्यानुसार कस्तो ज्ञान, सीप, बालबालिकालाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनुपर्ने निष्कर्ष दिइएको छ । यसबाट स्वास्थ्य प्रतिस्पर्धा हुन गई गुणस्तरीय शिक्षाको पहुँच हुनेछ । जसमार्फत शैक्षिक क्षति कम हुनगई सामुदायिक विद्यालय प्रति अपनत्व बढ्ने एवम् सञ्चालनमा सहजता आउने कुरा लेखिएको छ (सुवेदी, २०६०) ।

शिक्षाको विकासको प्रयासलाई केलाउँदा प्राथमिक तहमा खुद भर्नादर ८२.४ प्रतिशत पुगेको, जसमा ३५/४० प्रतिशत मात्र माध्यमिक तह पुग्ने, बालबालिकालाई एक घण्टा भन्दावढी हिड्नु नपर्ने, महिला शिक्षा संख्या २६ प्रतिशत पुगेको, स्रोत कार्यान्वयन गर्ने निकायसँग सोभै आवद्ध गरिएको वर्तमान अवस्था छ । सन् २०१५ सम्म खुद भर्नादर ९० प्रतिशत पुग्न गाह्रो हुने, अभै ४६.३ प्रतिशत जनसङ्ख्या निरक्षर छन् विद्यालय छाड्ने दर उच्च छ । साक्षरता सम्बन्धी सवै कार्यक्रम गा.वि.स./न.पा.लाई जिम्मा दिने भनिए पनि लिन तथा दिन हिचकिचाई रहेका छन् । हरेक स्थानीय निकायमा साक्षरताको आधार विन्दु मानेर वार्षिक लक्ष्य निर्धारण गर्न नसकिरहेको हुँदा सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने प्राथमिक तहदेखि नै निकै कसरत गर्नुपर्ने भनी लेखकले सहस्राब्दी विकास लक्ष्य र वर्तमान नेपालको शैक्षिक विवेचना महिला शिक्षा वर्ष ५, अंक ५, २०६१ मा गरिएको छ । लेखकले सहस्राब्दी विकास लक्ष्यको गन्तब्यमा पुग्न नेपालले निश्चय नै कठोर परिश्रम एवम् सरकार सहजकर्ता मात्रै नभई जोखिम उठाउने यन्त्रको रूपमा समुदायलाई शिक्षित बनाउनु कार्यक्रमहरू लिएर गाउँ गाउँमा जानुपर्ने लेखेका हुन । स्रोतको निरन्तरता, सरकारी एवम् राजनैतिक दलको प्रतिवद्धता, गैरसरकारी संस्थाको संलग्नता र समुदाय सशक्तिकरणको माध्यमबाट अगाडि बढेमा लक्ष्य हासिल हुने उल्लेख छ (खनाल, २०६१) ।

काठमाडौ जिल्लाका ३४२ वटा माध्यमिक विद्यालयहरू मध्ये गोलाप्रथावाट तानेर आएका ६ वटा निजी तथा आवासीय विद्यालय र ६ वटा सार्वजनिक विद्यालयहरूलाई अध्ययनको नमुनाको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि अवलोकन फाराम र प्रश्नावलीलाई माध्यम बनाइएको छ । उपरोक्त शोधपत्रमा प्रधानाध्यापकहरूले विद्यालयको शिक्षण सिकाइमा निर्वाह गरेको भूमिका सन्तोषजनक पाइयो । शिक्षा नियमावलीमा उल्लेख गरिएको प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तथा विद्यालयमा कार्यान्वयनको

अवस्थामा फरक पाइयो, त्यसै गरी शैक्षिक योजना तथा व्यवस्थापनको पक्षमा सरकारी विद्यालय भन्दा निजी विद्यालयहरू अगाडि रहेको पाइयो । यसको अर्थ प्र.अ.को भूमिका प्रभावकारी नभएकाले विद्यालय शिक्षाको गुणस्तरमा कमी आएको निष्कर्ष निकाल्न सकिन्छ । विद्यालयको शिक्षाको गुणस्तर वृद्धिका लागि प्र.अ.को भूमिका महत्वपूर्ण हुने भएको हुँदा उक्त पदको जिम्मेवारी दिदाँ उचित सोचविचार पुऱ्याउनु पर्ने, प्रधानाध्यापकहरूको क्षमता विकासका लागि छोटो र लामो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, प्रधानाध्यापकहरूले शिक्षा ऐन नियमावली तथा नीति निर्देशनहरूलाई आत्मसात गरी कार्य गर्नु पर्ने, तालिमको प्रभावकारी कार्यान्वनका बारेमा निरन्तर अनुगमन र मूल्याङ्कन गर्नु गराउनु पर्ने, उचित र प्रभावकारी विद्यालय प्रशासन, विकासका लागि प्रोत्साहन र दण्डको समेत व्यवस्था आवश्यक मात्रामा गरे उचित हुने, सम्वद्ध सरकारी निकायले शिक्षासँग सम्वद्ध ऐन नियमावली तथा नीति निर्देशनहरूमा समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने, प्रधानाध्यापकहरूलाई विद्यालयको व्यवस्थापनका लागि वढी जिम्मेवार र उत्तरदायी बनाउन उनीहरूलाई वढी स्वायत्तता दिइनु पर्नेछ (बरूवाल, २०५६) ।

उच्च स्तरीय शिक्षा आयोग २०५५ ले सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गर्न सिफारिस गरे अनुरूप शिक्षा ऐन तथा नियम व्यवस्था गरी सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गरेको पाइन्छ । यसै प्रसङ्गमा तेह्रथुम जिल्लामा पनि आ.व. २०६०/०६१ देखि सरकारी विद्यालयको व्यवस्थापन समुदायले गर्ने गरी जिम्मा दिइएको पाइन्छ । यस शोधपत्रमा उल्लेखित विषयको अध्ययनबाट सरकारी विद्यालयको व्यवस्थापन समुदायद्वारा हुँदा शैक्षिक विकास एवम् गुणस्तरमा आउने सुधार अध्ययन गर्ने, विद्यालय समुदाय बीचको सम्बन्धमा अध्ययन, विद्यालयको भौतिक सुधारको जाँच गर्ने, समुदायले आफ्नो दायित्व तथा जिम्मेवारीलाई बहन गर्नसक्ने नसक्ने कुराको जाँच गर्ने साथै कमी कमजोरीहरूको सुधार गर्न सुझावहरू प्रस्तुत गर्ने उद्देश्यहरू निहित छन् । प्राथमिक तथ्याङ्क सङ्कलन भएको छ भने गुणात्मक तथ्याङ्कका लागि प्रश्नावलीको उपयोग गरिएको छ । अध्ययनको क्रममा सङ्कलित तथ्याङ्क र तिनको विश्लेषणबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन हुँदा राम्रा र नराम्रा प्रभावहरू देखिएका छन् । समुदायद्वारा विद्यालयको व्यवस्थापन भएपछि विद्यालयका शैक्षिक प्रगतिका सूचाङ्कहरूमा उच्च प्रगति दर कायम भएको देखिन्छ । यसका साथै विद्यालयका समुदायको सम्बन्ध बलियो भएको, विद्यालयप्रति समुदायको अपनत्वको भावना बढेको, विद्यालयको भौतिक अवस्थामा सुधार

हुन सकेको, पिछडिएका जाति, जनजाति, दलित, उत्पीडित वर्गका छात्र छात्राहरू लाभान्वित हुन सकेको जस्ता राम्रा प्रभावहरू देखिएका छन् । त्यसैगरी कमजोर पक्षहरू अन्तर्गत समुदायको पूर्ण व्यवस्थापकीय कार्यकुशलता नभएको, विद्यालय व्यवस्थापन समिति सर्वेसर्वा हुन खोजेको, विद्यालयमा राजनैतिक चलखेल बढेको, शिक्षकमा पेशागत सुरक्षाप्रति शङ्का उत्पन्न भएको, सरकार आफ्नो दायित्वबाट पन्छिन खोजेको महशुस सम्बन्धित पक्षले गरेको जस्ता प्रभावहरू देखिएका छन् (निरौला, २०६२) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

एफ.डब्ल्यु टेलर (१८५६) का अनुसार कामदारको कार्यदक्षता बढाएर उत्पादन बढाउन सकिने कुरामा जोड दिई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेको छ । यसरी सानो तहबाट माथिल्लो तहसम्म पुगेको आफ्नो अनुभव, कम्पनीमा गरेका कामहरू, क्षमताको उपयोग र आकर्षण जस्ता कुराको यसलाई प्रत्यक्ष प्रभाव पारिरहेको थियो । उनले १९११ मा "वैज्ञानिक व्यवस्थापनको सिद्धान्त" भन्ने पुस्तक मार्फत वैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिपादन गरे । उनको उक्त पुस्तकमा साइन्स अफ सोभलिङ्ग बाइसाइकल फ्याक्टोरी, फङ्सनल अर्गनाइजेसन, पीस वे सीस्टम, मोटिभेसन, ट्रेनिङ, हुमान रिलेसन जस्ता पक्षलाई विशेष जोड दिए । वास्तवमा वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूले राम्रो किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कला हो । यसले अवलोकन, मूल्याङ्कन, परीक्षण र निचोड जस्ता तत्वहरू समावेश गरेका छन् साथै परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु वैज्ञानिक ढङ्गबाट कामदारको छनोट गर्नु, व्यवस्थापक र कामदार बीच सम्बन्ध स्थापित गर्नु, वैज्ञानिक ढाँचाले ज्याला निर्धारण र स्पष्ट रूपमा कार्य विभाजन गर्नु यसका सिद्धान्तहरू हुन् । यस सिद्धान्तलाई फ्रान्क गिलवर्थ, हेनरी एल. ग्यान्ट, इमर्सन आदिले समर्थन र सहयोग गरेका छन् (कोइराला र श्रेष्ठ, २०६२) ।

हेनरी फोयल (१८४१-१९२५) का अनुसार व्यवस्थापनको प्रकृया, पद्धति र कार्यको आधारमा यो सिद्धान्त विकसित गरिएको छ । फ्रान्सको विग्रदो स्थितिमा रहेको कोइला खानीलाई सफल व्यवस्थापन नेतृत्व प्रदान गरी यसले रोमाञ्चकारी इतिहास नै बनाइदिए । आफ्नो ५० वर्षको व्यवस्थापन अनुभवको आधारमा व्यवस्थापकहरूलाई स्पष्ट मार्गनिर्देशन गर्न र

व्यवस्थापन अभ्यासलाई व्यवस्थित गर्न उनले ठूलो योगदान दिए । यसले व्यवस्थापनका कार्यलाई पी.ओ.सी.सी.सी.(प्लानीङ, अर्गनाइजिङ, कमान्डीङ, कोअर्डीनेटिङ, कन्ट्रोलिङ) को रूपमा प्रस्तुत गरे । यसको क्रियाकलापहरू प्राविधिक, वाणिज्य, वित्तीय, सुरक्षा, लेखा व्यवस्थापकीय आदि हुन् । त्यसैगरी व्यवस्थापनका सिद्धान्तमा कार्य विभाजन, अधिकार र दायित्व, अनुशासन, आदेशमा एकता, सामूहिक कल्याण, केन्द्रिकृत क्रमबद्धता, निष्पक्षता, जागिरको स्थायित्व, प्रोत्साहन र सहयोगको भावना आदि प्रतिपादन गरेका हुन् । यस सिद्धान्तलाई इ.एफ.सी. ब्रीच, एस.पी. रोबीन्स, थिओ हीमानी, अलीभर सेल्डम जस्ता विद्वान्हरूले योगदान पुऱ्याएका छन् (कोइराला र श्रेष्ठ, २०६२) ।

म्याक्स वेबर (१८६४-१९२०) का अनुसार चर्च, सैनिक, सरकारी र व्यापारिक क्षेत्रको स्थापना तथा त्यसको आन्तरिक संरचनामा महत्वपूर्ण पक्षलाई अध्ययन गरी कर्मचारीतन्त्र व्यवस्थापन सिद्धान्तको प्रतिपादन गरेको थियो । कर्मचारीतन्त्र व्यवस्थापनले आधुनिक समकालीन सङ्ठनात्मक सिद्धान्तको आधारसिला खडा गरेको छ । कर्मचारी तन्त्रमा तलदेखि माथिसम्मको कर्मचारीको स्तर, पद, अधिकार र दायित्वको किटान हुनुपर्ने कुरामा जोड दिइयो । त्यो आदेश सङ्गठन नै कर्मचारी तन्त्र हो । जसको क्रियाकलाप रउद्देश्यहरू विवेकपूर्ण ढङ्गबाट सोचिएको हुन्छ र सुव्यवस्थित ढङ्गले कार्य विभाजन गरिन्छ । गुणस्तरीयता र योग्यताका आधारमा कर्मचारीको कार्यसम्पादनको  निष्पक्ष मूल्याङ्कन गर्नुपर्छ । सङ्गठनमा उच्चस्तरको इमान्दारिता कायम गरेर प्राविधिक दक्षता र क्षमताको आधारमा सङ्गठनको विकास गर्नुपर्ने धारणा यसले राखेका छन् । यस सिद्धान्तका विशेषताहरू यसप्रकार रहेका छन् - श्रमविभाजन, अधिकारको विभाजन, कर्मचारीका सामूहिक तथा वैयक्तिक भूमिका, संस्थागत भूमिका, प्राविधिक क्षमता, कार्यविधिको व्यवस्था, निष्पक्ष र स्पष्ट वैयक्तिक सम्बन्धको स्थापना, नियम र कार्यपद्धति स्पष्ट रूपमा परिभाषित गर्नु, पद्धति, प्रकृया र कार्यस्थिति अनुसार व्याख्या गर्नु रहेको छ (कोइराला र श्रेष्ठ, २०६२) ।

## २.३ पुनरावलोकनको उपादेयता

विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका विषयसँग सम्बन्धित अध्ययन अनुसन्धानको समीक्षा गरी त्यसको आवश्यक पृष्ठपोषण लिएर यो अध्ययन सामग्री तयार पारिएको छ र यस अध्ययन अनुसन्धानले विद्यालयका व्यवस्थापन समितिहरूलाई

भौतिक सुधार गर्न सहयोग पुग्दछ । विद्यालयमा भौतिक पक्षको अभावले शैक्षिक गुणस्तरमा पर्ने प्रभावहरूको खोजी गरी समस्याको हल गर्ने उपायहरू प्रस्तुत गर्नुका साथै विद्यालय प्र.अ. तथा शिक्षकहरूसँग समुदाय र विद्यालय व्यवस्थापन समितिको सम्बन्ध प्रगाढ र विद्यालयप्रतिको दायित्व तथा जिम्मेवारीको बोध गराई विद्यालयको वृत्ति विकासमा सहयोग पुग्न सक्दछ । जीर्ण रहेका विद्यालयको भौतिक पूर्वाधारहरूलाई मर्मत गर्न, निर्माण गर्न, प्र.अ.लाई स्रोत जुटाउने उपायहरू अवगत गराउँदछ । त्यस्तै भौतिक योजनाकार र शैक्षिक नीति निर्मातालाई पनि यो अध्ययन अनुसन्धानले विद्यालयको भौतिक सुधार सम्बन्धी योजना तथा नीति बनाउन आधार प्राप्त हुन्छ । विद्यालय व्यवस्थापन सम्बन्धी र भौतिक निर्माण सम्बन्धी अध्ययन गर्ने अध्ययन अनुसन्धानकर्तालाई तथ्याङ्क उपलब्ध गराउँछ र आधारको रूपमा प्रयोग गर्न सकिन्छ ।

उक्त विद्वानहरूको सिद्धान्त र सम्बन्धित लेख, रचनाले सर्वप्रथम विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारको बारेमा जानकारी गराउन सक्दछन् । यस शोधपत्रको अध्ययनले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई विद्यालयका हरेक काम कारवाहीमा प्रत्यक्ष सहभागीका लागि नयाँ आयाम थप्न जान्छ । यिनीहरूले विद्यालयमा हुने गरेका परीक्षा सञ्चालनमा अनुगमन, भवन, शौचालय, खानेपानी, घेराबारा, फर्निचर, मर्मत आदिको निर्माण कार्यमा प्रत्यक्ष सहभागिता जनाउन जागरुक हुन्छ । यति मात्र होइन विद्यालय व्यवस्थापन समितिले विद्यालय सेवाक्षेत्रका समुदायसँग सम्बन्ध भएकाले भौतिक निर्माणका लागि समुदायलाई सक्रिय बनाउने कार्य गर्दछ । अर्थात माथिको सिद्धान्त र साहित्यको अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको भौतिक सुधारको आवश्यकता किन पर्दछ ? विद्यालयको भौतिक सुधारका लागि के के प्रयासहरू अवलम्वन गर्नुपर्छ ? भन्ने कुराको अवगत गराई विद्यालयको चौतर्फी विकासमा टेवा पुऱ्याउने कार्य गर्न सक्दछ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई जिल्ला शिक्षा कार्यालय र सरोकारवालाहरूसँग समन्वय गरी विद्यालयको भौतिक सुधारमा ध्यान आकर्षण बढाउन मद्दत गर्न सक्दछ अर्थात विद्यालय व्यवस्थापन समितिलाई विद्यालय र समुदाय बीच पुलको रूपमा कार्य गर्न आधार समेत प्रदान गर्न सहयोग गर्दछ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

यस परिच्छेदमा अध्ययनलाई पूरा गर्न अनुसन्धानको ढाँचा, अध्ययनको जनसङ्ख्या, नमुना र नमुना रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क सङ्कलन तथा विश्लेषण विधिलाई उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्य मिश्रित ढाँचामा गरिएको छ । यस अध्ययनका क्रममा वर्णनात्मक प्रक्रिया अपनाई मिश्रित ढाँचाबाट विश्लेषणात्मक विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । वास्तविक र यथार्थ तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरी प्राप्त सूचनाहरूलाई समेत व्याख्यात्मक तरिका उपयोग गरी वर्णनात्मक एवम् गुणात्मक ढाँचाका आधारमा विश्लेषण गरी यस अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना रणनीति

अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि जनसङ्ख्याका रूपमा खोटाङ जिल्लाका २७ वटा स्रोतकेन्द्रहरूबाट गोला प्रथा गरी एउटा श्री साकेला उच्च माध्यमिक विद्यालय रतन्छा स्रोतकेन्द्रलाई छनौट गरिएको छ ।  उक्त साकेला उ.मा.वि.रतन्छा स्रोतकेन्द्रका १२ वटा विद्यालय र सोही विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू, विद्यालय व्यवस्थापन समितिहरू, अभिभावकहरू र स्रोत शिक्षक अध्ययनको जनसङ्ख्याका रुपमा रहेका छन् ।

यस अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि सम्भावनारहित नमुना छनौट विधि अन्तर्गत उद्देश्यमूलक नमुना छनौट विधिद्वारा खोटाङ जिल्ला श्री साकेला उ.मा.वि. रतन्छा स्रोतकेन्द्रलाई लिइएको छ भने सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गत चिठ्ठा विधिद्वारा ५ वटा विद्यालयहरूको छनोट गरिएको छ । ५ वटा विद्यालयका शिक्षकहरू, प्र.अ.हरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू र स्रोत शिक्षक नमुनाका रुपमा रहेका छन् ।

यस अध्ययनलाई पूरा गर्नका लागि नमुना छनोटमा परेका विद्यालयहरूबाट जम्मा ३५ जनालाई जनसङ्ख्याका रुपमा सम्भावनारहित नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

जसमा प्रत्येक विद्यालयका प्र.अ. १/१ जना गरी जम्मा ५ जना, वि.व्य.स. अध्यक्ष १/१ जना गरी जम्मा ५ जना, शि.अ.सं.का अध्यक्ष १/१ जना गरी जम्मा ५ जना, प्रत्येक विद्यालयका शिक्षकमध्येबाट २/२ जना गरी जम्मा १०  जना र सम्बन्धित विद्यालयका अभिभावकहरू मध्येबाट २/२ जना गरी जम्मा १० जना समेत गरी जम्मा ३५ जनालाई यस अध्ययनको नमुना जनसङ्ख्याका रुपमा नमुना छनोट विधिबाट छनोट गरिएको छ । यस अध्ययनमा निम्नानुसारको जनसङ्ख्या, नमुना छनोट र विधिहरू रहेका छन् ।

तालिका ३ : नमुना र नमुना छनोट रणनीति

| क.सं. | विवरण | जम्मा जनसंख्या | नमुना जनसङ्ख्या | नमुना छनोट विधि |
|---|---|---|---|---|
| १ | प्र.अ. | १२ | ५ | सामान्य सम्भावनायुक्त |
| २ | वि.व्य.स. अध्यक्ष | १२ | ५ | सामान्य सम्भावनायुक्त |
| ३ | शि.अ.सं. अध्यक्ष | १२ | ५ | सामान्य सम्भावनायुक्त |
| ४ | शिक्षक | ६० | १० | सामान्य सम्भावनायुक्त |
| ५ | अभिभावक | १२०० | १० | उद्देश्यमूलक |

### ३.३ अध्ययन क्षेत्र

शोध अध्ययन कार्य व्यापक क्षेत्रमा गर्न सम्भव हुँदैन । त्यसैले अध्ययनको व्यापक क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी नमुना छनोट गर्नुपर्ने हुन्छ । यो अध्ययन खोटाङ जिल्ला अन्तर्गत रतन्छा स्रोतकेन्द्र भित्र पर्ने विद्यालयहरूमा सीमित रहेको छ । रतन्छा स्रोतकेन्द्र भित्र पर्ने १२ वटा विद्यालयहरूमध्येबाट सामान्य सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरी श्री साकेला उ.मा.वि. रतन्छा, श्री राधाकृष्ण उ.मा.वि. च्यानडाँडा-४, श्री सरस्वती  नि.मा.वि. मवु-रतन्छा, श्री चण्डेश्वरी नि.मा.वि. च्यानडाँडा -९ र श्री जालपा नि.मा.वि. च्यानडाँडा -१ सेखुवा गरी जम्मा ५ वटा विद्यालयलाई नमुनाका रुपमा छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धान निश्चित उद्देश्यका लागि गरिएको छ । उक्त उद्देश्य पूरा गर्नका लागि सम्बन्धित क्षेत्रबाट प्राप्त तथ्याङ्कका आधारमा गरिएको छ । यस अनुसन्धान कार्य सम्पन्न गर्नका लागि निम्नानुसारका तथ्याङ्क सङ्कलनका साधानहरू रहेका छन् :

#### ३.४.१ प्रश्नावली

प्रश्नावली भनेको अध्ययन विषयसँग सम्बन्धित क्रमबद्ध तरीकाले बनाइएको प्रश्नहरूको सूची हो, जसलाई अनुसन्धानका समस्याहरू समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरूको समूहमा पढाइ अनुसन्धानकर्ताले उत्तर खोज्ने प्रयास गर्दछ । सामान्य तथा प्रश्नावलीलाई संरचित, असरचित, खुल्ला बन्द, चित्रात्मक र मिश्रित रुपमा वर्गीकरण गर्न सकिन्छ (खनाल, २०६७) । यस अध्ययन अनुसन्धानले राखेको उद्देश्य पूरा गर्नका लागि नमुना छनोटमा परेका विद्यार्थी, शिक्षक, प्र.अ., स्रोतव्यक्ति तथा शिक्षक अभिभावक संघका प्रतिनिधिहरूलाई सोधिने प्रश्नावली निर्माण गरिएका छन् ।

#### ३.४.२ अवलोकन फारम

प्राथमिक तथ्याङ्क संकलन गर्ने एक उपयुक्त विधि अवलोकन हो । अवलोकन भनेको नयाँ कुरा प्राप्त गर्नका लागि कुनै व्यक्ति वा वस्तुलाई पटक पटक हेर्ने कार्य हो (खनाल, २०६७) । यस अध्ययनका सम्बन्धमा अवलोकन गर्न अवलोकन फारम तयार गरी अवलोकन गरिएको छ ।

#### ३.४.२ लक्षित समूह छलफल

नमुना छनोटमा परेका जनसंख्यासँग अनौपचारिक रुपमा विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका विषयसँग सम्बन्धित भएर विभिन्न पक्षहरूमा छलफल गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

नमुना छनोटमा परेका जनसंख्या मध्ये विद्यार्थी, शिक्षक प्र.अ, स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष तथा शिक्षक अभिभावक संघका प्रतिनिधिहरूसँग सामान्य सम्भावनायुक्त विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ भने विद्यालयको अभिलेखबाट तथ्याङ्क संकलन गरिएको

छ । त्यसैगरी विद्यालय अवलोकन लक्षित समूह छलफल एवम् अवलोकन फारमको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । विभिन्न किसिमका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई सिलसिलेवार रुपमा व्याख्या विश्लेषण र विवेचना आवश्यक हुन्छ । यस अध्ययनमा संकलित प्राथमिक स्रोतहरूलाई उद्देश्य अनुसार छुट्टाछुट्टै चार्ट पेपरमा उतारी सैद्धान्तिक खाकामा उल्लेखित वैचारिक चिन्तनसँग सम्बन्धित गरी द्वितीय स्रोतहरूको आधारमा विभिन्न शीर्षक चयन गरी तथ्यांकको प्रस्तुतीकरण, विश्लेषण एवम् व्याख्या गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल

विद्यालयको भैतिक तथा शैक्षिक सूचनाको आधारको तथ्याङ्कको शैक्षिक गतिविधिहरूलाई यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयावधिमा संकलित व्यवस्थापन समितिको भौतिक सुधारमा भूमिका बारे प्रष्ट पार्न सकिन्छ । यसका लागि अवलोकन फारमबाट सङ्कलित भौतिक सूचाङ्क तथ्याङ्क प्रस्तुत गरिएको छ ।

## ४.१ विद्यालयको भौतिक पक्षको विश्लेषण

यस शोध अध्ययन अनुसन्धानको क्रममा विद्यालयको भौतिक पक्षका विभिन्न सूचनाहरू तथा तथ्याङ्कलाई तल व्याख्या गरिएको छ ।

### ४.१.१ विद्यालयको भौतिक अवस्था

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा नमुना छनोटमा परेका विद्यालयहरूमा शोधकर्ताको प्रत्यक्ष अवलोकनबाट भौतिक अवस्थाको सम्बन्धमा प्राप्त सूचनाहरू तल प्रस्तुत गरिएको छ ।

तालिका ४ : विद्यालयको भौतिक अवस्था

| क्र. स. | विद्यालयको नाम | पक्की | | कच्ची | | जीर्ण | |
|---|---|---|---|---|---|---|---|
| | | भवन | कक्षाकोठा | भवन | कक्षाकोठा | भवन | कक्षाकोठा |
| १ | श्री साकेला उ.मा.वि. रतन्छा | ३ | १६ | ३ | ६ | ३ | ६ |
| २ | श्री सरस्वती नि.मा.वि | २ | ४ | १ | ५ | १ | ५ |
| ३ | श्री चण्डेश्वरी नि.मा.वि. | २ | ४ | ३ | ६ | १ | ३ |
| ४ | राधा कृष्ण उ.मा.वि. | ३ | ११ | ३ | ६ | ३ | ६ |
| ५ | जाल्पा नि.मा.वि | २ | ७ | १ | ३ | - | - |
| | जम्मा | १२ | ४२ | ११ | २६ | ८ | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार नमुना छनौटमा परेका विद्यालयहरूको जम्मा भवन संख्या २३, १२ वटा पक्की भवनमा ४२ वटा कोठा रहेको र ८ वटा जीर्ण अवस्थामा रहेका भवनमा २४ वटा कोठा रहेको देखिन्छ । माथि उल्लेखित भवनहरूको अवस्थालाई अवलोकन गर्दा श्री साकेला उ.मा.वि. रतन्छाका पक्की भवनहरू झ्याल ढोकामा खापा लगाइएको र छानामा पारदर्शी कर्कटपाता समेत लगाएको हुदाँ शिक्षा नियमावलीले तोकेको मापदण्ड अनुसारका भवनहरू रहेको पाइयो । उक्त विद्यालयको कच्ची भवनमा समेत झ्याल ढोका राम्रो भएको तर छानो चुहिने भएको पाइयो । अन्य सबै विद्यालयहरूको पक्की भवनमा झ्यालढोका भएको छानामा पारदर्शी कर्कटपाता नभएको पाइयो । जीर्ण अवस्थामा रहेको भवनहरूको झ्यालढोका नभएको, गारो चर्केको र छाना चुहिने भएको पाइयो ।

### ४.१.२ विद्यालयको कक्षा कोठा र फर्निचरको अवस्था

अध्ययन गरिएका विद्यालयहरूको कक्षा कोठा र फर्निचरको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५ : कक्षा कोठा र फर्निचरको अवस्था

| क्र.स. | विद्यालयको नाम | कक्षा कोठा | | फर्निचर | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | आकार | संख्या | डेक्स | बेञ्च |
| १ | श्री साकेला उ.मा.वि. रतन्छा | २२ | २३×२२×८ | १५० | ६×२.५×०.१० | ६×१.५×०.१० |
| २ | श्री सरस्वती नि.मा.वि | ९ | २३×२२×८ | ५२ | ६×२.५×०.१० | ६×१.५×०.१० |
| ३ | श्री चण्डेश्वरी नि.मा.वि. | १० | २३×२२×८ | ७६ | ६×२.५×०.१० | ६×१.५×०.१० |
| ४ | राधा कृष्ण उ.मा.वि. | १७ | २३×२२×८ | ८६ | ६×२.५×०.१० | ६×१.५×०.१० |
| ५ | जाल्पा नि.मा.वि | १० | २३×२२×८ | ३० | ६×२.५×०.१० | ६×१.५×०.१० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकामा विद्यालयको कक्षा कोठा र फर्निचरको सम्बन्धमा विश्लेषण गर्दा प्राय सबै विद्यालयहरूको कक्षा कोठाको आकार औषतमा लम्बाई २३ फुट चौडाई २२ फुट र उचाई

८ फुट रहेको पाइयो । फर्निचरको साइज पनि प्राय सबै विद्यालयहरूमा एकै किसिमको बेन्च १ फुट ६ इन्च र चौडाइ १० इन्च र लम्बाइ ६ फुट रहको पाइयो । श्री साकेला उ.मा.वि. रतन्छा र श्री सरस्वती नि.मा.वि रतन्छामा वेलफेयर सेन्टर दिक्तेलको सहयोगमा कम्बो डेक्स बेन्च निर्माण भएको पाइयो । विद्यालयहरूमा विद्यार्थीहरूको उमेर र उचाइ अनुसारको फर्निचर निर्माण भएको पाइएन ।

### ४.१.३ विद्यालयमा खानेपानी र शौचालयको अवस्था

हरेक विद्यालयहरूमा सुव्यवस्थित ढंगबाट संचालन गर्नका लागि विद्यालयमा शुद्ध खानेपानी र बालमैत्री, छात्रछात्रा मैत्री शौचालय हुन आवश्यक छ । विद्यालयको खानेपानी र शौचालय अवस्थालाई यस प्रकार विश्लषेण गरिएको छ ।

तालिका ६ : खानेपानी र शौचालयको अवस्था

| क.स. | विद्यालयको नाम | खानेपानी धारा | शौचालय | कोठाको संख्या |
|---|---|---|---|---|
| १ | श्री साकेला उ.मा.वि. खान्छा | २ | २ | ८ |
| २ | श्री सरस्वती नि.मा.वि | १ | १ | २ |
| ३ | श्री चण्डेश्वरी नि.मा.वि. | १ | २ | ४ |
| ४ | राधा कृष्ण उ.मा.वि. | २ | ३ | ७ |
| ५ | जाल्पा नि.मा.वि | १ | २ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकामा श्री साकेला उ.मा.वि. रतन्छामा खानेपानी २ वटा भए पनि एउटा धारामा मात्र पानी आउने गरेको र अर्को एउटामा पानी नआउने हुँदा शुद्ध खानेपानीको अभाव देखिएको छ । साथै शौचालय २ वटा मध्ये एउटा शौचालय पानीको अभावमा फोहोर देखियो । श्री राधाकृष्ण उ.मा.वि. च्यान्डाँडामा पनि २ वटा धारा भए पनि अन्य सबै विद्यालयहरूमा खानेपानी र शौचालयको राम्रौ व्यस्था भएको देखियो ।

### ४.१.४ विद्यालयको खेलमैदान तथा खेलकुद सामग्रीको अवस्था

अध्ययन गरिएका विद्यालयहरूको खेलमैदान तथा खेलकुद सामग्रीको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : खेलमैदान तथा खेलकुद सामग्रीको अवस्था

| क.स. | विद्यालयको नाम | खेल मैदान | खेल सामग्री | जग्गा |
|---|---|---|---|---|
| १ | श्री साकेला उ.मा.वि. रतन्छा | १ | सामान्य | १०६ रोपनी |
| २ | श्री सरस्वती नि.मा.वि | १ | सामान्य | ३ रोपनी |
| ३ | श्री चण्डेश्वरी नि.मा.वि. | १ | सामान्य | ३-१-५रोपनी |
| ४ | श्री राधा कृष्ण उ.मा.वि. | १ | सामान्य | १३-५-० रोपनी |
| ५ | श्री जाल्पा  नि.मा.वि | १ | सामान्य | ४-१-३ रोपनी |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिका अनुसार श्री साकेला उ.मा.वि. रतन्छामा १०६ रोपनी जग्गा देखियो । त्यहाँ खेल मैदान फुटबल खेल्न समेत मिल्ने देखियो तर उक्त विद्यालयमा धेरै जग्गा देखिए तापनि विद्यालयको हाता भन्दा बाहिर रहेको देखियो । त्यसैले त्यस विद्यालयमा विद्यालय भवन निर्माण गर्नका लागि घडेरीको अभाव रहेको पाइयो । अन्य सबै विद्यालयहरूको जग्गा विद्यालयको हाताभित्र रहेको पाइयो । प्रायः सवै विद्यालयहरूमा खेलकुद मैदान रहेको र फुटबल, भलिबल, चेस, लुँडो, चाइनिज चेकर जस्ता खेल सामग्रीहरू रहेको पाइयो ।

### ४.१.५ विज्ञान प्रयोगशाला र पुस्तकालयको अवस्था

अध्ययन गरिएका विद्यालयहरूको प्रयोगशाला र पुस्तकालयको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ : प्रयोगशाला र पुस्तकालयको अवस्था

| क.सं. | विद्यालयको नाम | विज्ञान प्रयोगशाला | पुस्तकालय | पुस्तक संख्या |
|---|---|---|---|---|
| १ | श्री साकेला उ.मा.वि. रतन्छा | १ | १ | ३००० |
| २ | श्री सरस्वती नि.मा.वि | - | १ | ३०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री चण्डेश्वरी नि.मा.वि. | - | १ | ५०० |
| ४ | राधा कृष्ण उ.मा.वि. | - | १ | २००० |
| ५ | जाल्पा  नि.मा.वि | - | १ | ५०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार श्री साकेला उ.मा.वि. रतन्छामा विज्ञान प्रयोगशाला र पुस्तकालयको राम्रो व्यवस्था भएको पाइयो । अन्य सबै विद्यालयहरूमा विज्ञान प्रयोगशालाको व्यवस्था नभएको र पुस्तकालयको व्यवस्था भए पनि राम्ररी संचालन नभएको पाइयो ।

### ४.१.६ विद्युत तथा सूचना प्रविधिको अवस्था

अध्ययन क्षेत्रका विद्यालयहरूको विद्युत तथा सूचना प्रविधिको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ : विद्युत तथा सूचना प्रविधिको अवस्था

| क.स. | विद्यालयको नाम | विद्युत | टेलिफोन | कम्प्युटर |
|---|---|---|---|---|
| १ | श्री साकेला उ.मा.वि. रतन्छा | सोलार जडान | १ | १ |
| २ | श्री सरस्वती नि.मा.वि | - | - | - |
| ३ | श्री चण्डेश्वरी नि.मा.वि. | - | - | - |
| ४ | राधा कृष्ण उ.मा.वि. | सोलार जडान | १ | १ |
| ५ | जाल्पा  नि.मा.वि | - | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार श्री साकेला उ.मा.वि. रतन्छामा सोलार जडान गरी विद्यालयमा कार्यालयको काम कम्प्युटर प्रविधिबाट गर्न थालिएको देखियो । श्री राधाकृष्ण उ.मा.वि. च्यानडाँडामा पनि सोलार जडान गरेको, कम्प्युटरको व्यवस्था भएको तर कम्प्युटर चलाउने जनशक्ति र विद्युत शक्तिको अभावमा कम्प्युटर र प्रविधिबाट कार्यालयको काम गर्न शुरु

नगरिएको पाइयो । अन्य सबै विद्यालयहरूमा सोलार जडान र कम्प्युटरको व्यवस्था भएको पाइएन ।

प्रस्तुत अध्ययनको नमुना छनौटमा परेका विद्यालयहरूको अध्ययन गर्दा विद्यालयहरूको भवनहरू पक्की ढलान भएका र केही टिनले छाएको पाइयो । सबै विद्यालयमा खानेपानीको व्यवस्था भए पनि शुद्ध खानेपानीको सुविधा पर्याप्त मात्रामा नपुगेको पाइयो । त्यस्तै गरी विद्यार्थी खेल्ने मैदान केही विद्यालयमा नपुगेको पाइयो । सबै विद्यालयहरूको शौचालयको व्यवस्था भए पनि विद्यार्थी सङ्ख्या अनुसार अपुग भएको तथा सरसफाइमा अपुग भएको पाइयो । सबै विद्यालयहरूमा तार घेराबारा नभएको पाइयो । श्री साकेला उच्च माध्यमिक विद्यालय रतन्छामा बाहेक अन्य विद्यालयहरूमा पुस्तकालयको व्यवस्था राम्रो नभएको पाइयो । तुलनात्मक रुपमा भन्नु पर्दा श्री सरस्वती उ.मा.वि. रतन्छाको भौतिक व्यवस्थापन राम्रो पाइयो ।

## ४.२ विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका सम्बन्धी विभिन्न सूचना संकलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.२.१ विद्यालयमा भौतिक सुधारका लागि आर्थिक स्रोत जुटाउने सम्बन्धमा

विद्यालयमा विभिन्न किसिमका भौतिक पक्षहरू रहेका छन् । ती भौतिक पक्षहरूमा विद्यालय भवन, शौचालय, खानेपानी, खेलमैदान, खेलकुद सामग्री र शैक्षिक सामग्रीहरू आदिको समस्या रहेका छन् । ती समस्याहरूको समाधान गर्न विद्यालयमा आर्थिक स्रोत जुटाउने कार्यमा व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयमा भौतिक सुधार गर्नका लागि आर्थिक स्रोत के हो ? कहाँबाट जुटाउने ? भन्ने प्रश्नको उत्तरमा विद्यालयको आन्तरिक स्रोत र समुदायबाट जुटाउन सकिने उत्तर दिएको पाइयो । प्राय सबै विद्यालयहरूमा सरकारी निकायबाट सहयोग प्राप्त गरेको पाइयो ।

### ४.२.२ विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिले गरेको पहल सम्बन्धमा

विद्यालयको भौतिक पक्षको निमार्ण र मर्मत सम्भार गर्नका लागि वि.व्य.स.ले विद्यालयको भौतिक समस्याहरूको पहिचान गरी योजना माग गर्न र योजना सञ्चालन गर्न वि.व्य.स.को बैठक बसी निर्णय गर्ने, विद्यालय सुधार योजना निर्माण गर्ने र योजना अनुसार माग गर्ने कार्य गरेको पाइयो ।

### ४.२.३ विद्यालयको अवलोकन र निरीक्षण सम्बन्धमा

विद्यालयमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले कति पटक अनुगमन र निरीक्षण गरिन्छ भन्ने प्रश्नमा नियमित रुपमा, प्राय जसो, कहिले काहिँ भन्ने उत्तर पाइयो । यस तथ्याङ्कबाट के तथ्य अवगत हुन्छ भने विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आफ्नो भूमिकाको बारेमा अवगत भएको पाइयो ।

### ४.२.४ विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.ले गरेको रेखदेख सम्बन्धमा

विद्यालयको भौतिक निर्माण तथा मर्मत सम्भार सम्बन्धमा कुन कुन भौतिक निर्माणमा वि.व्य.स.ले रेखदेख गर्ने गरेको छ ? भन्ने प्रश्नको उत्तरमा धेरै जसो व्यक्तिहरूले भवनको बारेमा, केहिले भवन लगायत विद्यालयका सम्पूर्ण भैतिक पक्षहरूको बारेमा वि.व्य.स.ले रेखदेख गर्ने गरेका छन् भन्ने उत्तर पाइयो ।

विद्यालयमा के कस्ता भौतिक समस्याहरू रहेका छन् ? भन्ने प्रश्नको उत्तरमा प्राय: सबै वि.व्य.स.हरूले विद्यालयका प्र.अ हरूलाई थाहा हुन्छ भनेका छन् । यसका आधारमा हेर्दा प्रधानाध्यापकले विद्यालयका भौतिक पक्षको, शैक्षिक र आर्थिक पक्षको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेको कुरा प्रष्ट हुन्छ ।

### ४.२.५ विद्यालयले स्रोतव्यक्तिलाई कार्यक्रम र बैठकमा आमन्त्रित गर्ने सम्बन्धमा

प्रस्तुत अध्ययन अनुसन्धानका लागि विद्यालय कार्यक्रम वा बैठकमा स्रोतव्यक्तिलाई आमन्त्रित गरिन्छ ? भन्ने प्रश्नको उत्तरमा आवश्यक परेको बेलामा मात्र आमन्त्रण गरिन्छ भन्ने उत्तर प्राप्त भएको छ । यसबाट प्रमाणित हुन्छ कि स्रोतव्यक्तिहरू नियमित, रुपमा नआउने गरेको पाइयो ।

### ४.२.६ विद्यालयको भौतिक सुधारमा सक्रियताको अवस्था सम्बन्धमा

विद्यालयको भौतिक सुधारमा क-कसको सक्रियता बढी हुन्छ ? भन्ने प्रश्नको उत्तरमा धेरै जसोको विद्यालय व्यवस्थापन समितिको भन्ने उत्तर प्राप्त भयो । केहिले प्रधानाध्यापकको, शिक्षकको, अभिभावकहरूको भूमिका र सक्रियता रहन्छ भन्ने उत्तर दिएका छन् ।

विद्यालयको भौतिक सुधारका लागि व्यवस्थापन समितिको ठूलो भूमिका रहन्छ । विद्यालयको भौतिक विकासमा आर्थिक व्यवस्थापनले ठूलो भूमिका खेलेको हुन्छ । यस अध्ययनको छनौटमा परेका विद्यालयहरूका सरोकारवालाहरूसँग विद्यालयको भौतिक सुधारका लागि आर्थिक स्रोत कहाँ कहाँबाट जुटाइन्छ ? भनी सोधिएका प्रश्न अनुसार आर्थिक स्रोत सरकारी स्रोतबाट जुटाइन्छ भन्ने उत्तर धेरैबाट पाइयो भने विद्यालयहरूको आर्थिक अवस्थाको अवलोकन गर्दा आन्तरिक स्रोत, गैरसरकारी स्रोत र समुदायबाट आर्थिक स्रोत जुटाउने गरेको पाइयो । साथै आर्थिक स्रोत जुटाउन, विद्यालयको भौतिक, शैक्षिक व्यवस्थापन गर्न व्यवस्थापन समितिले महत्वपूर्ण भूमिका खेलेको पाइयो । यसबाट प्रमाणित हुन्छ कि विद्यालयको भौतिक पक्षको सुधारमा विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

### ४.३ विद्यालयको भौतिक व्यस्थापनमा रहेका समस्याहरू

कुनै पनि निर्माण गर्न जति सहज र सरल हुन्छ, त्यसको व्यवस्थापन उति नै कठिन र गाह्रो हुन्छ । विद्यालय सञ्चालन गर्नका लागि, भौतिक पक्षको व्यवस्थापन गर्नको लागि, निर्माण तथा भौतिक पक्षको व्यस्थापन गर्नका लागि निर्माण तथा सम्भार गर्नुपर्ने हुन आउँछ । हाम्रा विद्यालयहरूमा विद्यालयको जग्गा, भवन, शौचालय पुस्तकालय, विद्युत, खानेपानी, कम्प्युटर आदि सबै कुराहरू भए पनि तिनीहरूको व्यवस्थापन नहुनाले विद्यालयमा विभिन्न किसिमका कठिनाइहरू भोल्नु परिरहेको छ । विद्यालयको भौतिक पक्षको सुधार गर्न जिल्ला शिक्षा कार्यालय, जि.वि.स., गा.वि.स., गैर सरकारी संस्थाहरूबाट विद्यालय भवन निर्माण, छात्रा शौचालय निर्माण, वाह्य वातावरण निर्माण, विद्यालय संरचना प्रविधि कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालय निर्माण जस्ता योजनाहरू प्राप्त भइरहेका छन् ।

यी माथि उल्लेखित योजनाहरूको प्राथमिकीकरण गरी जुन विद्यालयमा जे जे कुराको समस्या रहेका छन्, ती समस्यालाई मध्यनजर गरी योजनाको बाँडफाड गर्ने प्रयास गरिएका

छन् । तर पनि विद्यालयको खास समस्यालाई भन्दा राजनीतिक दवावमा परेर अनावश्यक विद्यालयहरूमा योजनाहरूको बाँडफाँड गरिएको पाइन्छ । विद्यालयको भौतिक योजना निर्माण गर्नुभन्दा विद्यालयको भौतिक पक्षको व्यस्थापन गर्नु ठूलो चुनौती रहेको छ । नमुना छनौटमा परेका स्रोत शिक्षक, वि.व्य.स का अध्यक्षहरू, शि.अ. संघका अध्यक्षहरू, अभिभावकहरू, प्र.अ.हरू, शिक्षकहरू र विद्यार्थीहरूलाई विद्यालयको भौतिक व्यवस्थापनमा के के समस्याहरू छन् ? भनी खुल्ला प्रश्नावली पठाइएको थियो भने स्रोत शिक्षकसँग समन्वय गरी लक्षित समूह छलफल संचालन गरिएको थियो । अन्य आवश्यकीय तथ्याङ्कहरू संकलन गर्ने उद्देश्यले विद्यालयहरूमा गएर प्रत्यक्ष अवलोकन गरिएको थियो । सम्पूर्ण तथ्याङ्क संकलनका साधनहरूबाट प्राप्त सूचनाका आधारमा विद्यालय व्यस्थापनमा रहेका समस्याहरू निम्नानुसार रहेको पाइयो ।

### ४.३.१ उपयुक्त कक्षाकोठाको व्यवस्थापन नहुनु

विद्यालयमा शिक्षण सिकाइ कार्य गर्ने मुख्य थलोका रुपमा कक्षा कोठा रहेका हुन्छन् । त्यसैले कक्षा कोठा विद्यार्थीहरूलाई बसौँ बसौँ लाग्ने, कक्षा कोठाबाट बाहिर जान मन नलाग्ने, कक्षा कोठामा बसेर सिकौँ सिकौँ लाग्ने किसिमको हुनु पर्दछ । कक्षा कोठामा प्रवेश गर्ने वित्तिकै विद्यार्थीहरूले रमाइलो वातावरणको महशुस हुने किसिमको हुनु पर्दछ । कक्षाकोठा हावादार, उज्यालो, डेक्स बेञ्चको उचित किसिमले निर्माण र व्यवस्थापन भएको, शैक्षिक सामाग्रीहरू प्रदशन गर्न उचित स्थानको व्यवस्थापन भएको, झ्यालढोका बन्द गर्न र खोल्न मिल्ने गरी निर्माण र मर्मत सम्हार गरिएको हुनु पर्दछ ।

नमुना छनौटमा परेका विद्यालयका अध्यक्षहरू, शि.अ. संघ अध्यक्षहरू, प्र.अ.हरू, शिक्षकहरू, स्रोत शिक्षक, अभिभावक र विद्यार्थीहरुबाट प्राप्त जानकारी र प्रत्यक्ष अवलोकनका क्रममा देखिएको कक्षा कोठाको अवस्था र लक्षित समूह छलफलबाट कक्षा कोठाको निर्माण तथा मर्मतदेखि लिएर सम्पूर्ण रुपमा आकर्षक कक्षा कोठाको व्यवस्थापन गर्न नसकिएको पाइयो ।

### ४.३.२ सरोकारवालाहरूको उत्तरदायित्वको कमी

विद्यालयमा भौतिक पक्षहरूको निर्माण तथा मर्मत गराउनु शिक्षा क्षेत्रमा लागेका सबै सराकारवालाहरूको उत्तरदायित्व हो । सबैले आ-आफ्नो ठाउँबाट आफ्नो उत्तरदायित्वलाई

पूरा गर्ने हो भने विद्यालयको भौतिक पक्षको सुधार गर्न सहज हुन्छ । यसका लागि वि.व्य.स, शि.अ. संघ, प्र.अ., शिक्षकहरू, अभिभावकहरू र विद्यार्थीहरूको सहयोग लिएर भौतिक पक्षको अनुगमन गरी भौतिक र शैक्षिक सुधार गर्न सकिन्छ । विद्यालय व्यवस्थापन समितिले अन्य सरोकारवाला सबैलाई भौतिक सुधार गर्न प्रेरणा दिनु आफ्नो उत्तरदायित्व हो । प्रधानाध्यापकले भौतिक सुधार गर्न प्रस्ताव गर्ने र उक्त योजानालाई व्यवस्थित गर्न सघाउ पुऱ्याउने महत्वपूर्ण भूमिका व्यवस्थापन समितिको हुन्छ । व्यवस्थापन समितिले विद्यालयमा भएका समस्याहरूलाई समाधान गर्न शि.अ. संघ, अभिभावक, शिक्षकहरूलाई निर्देशन गर्दछ । विद्यालयको विकास गर्नु सबै सरोकारवालाको उत्तरदायित्व हो । माथि उल्लेखित सरोकारवालाहरूमा उत्तरदायित्वको अभाव भएका कारण विद्यालयको भौतिक व्यवस्थापनमा समस्या भएको पाइयो ।

### ४.३.३ विद्यालय व्यवस्थापन समितिको क्षमतामा कमी

विद्यालयको संचालन, रेखदेख र नियन्त्रण गर्ने काम विद्यालय व्यस्थापन समितिको हो । विद्यालय व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गर्न व्यवस्थापन तालिमको व्यवस्था गरिएको हुन्छ । तर विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र पदाधिकारीहरू तालिममा सहभागी भने कमै मात्रामा भएको पाइन्छ । विद्यालयको शैक्षिक, भौतिक र आर्थिक व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा प्रायः सबै वि.व्य.स.का पदाधिकारीहरूमा अन्यौलता छ । प्रायः विद्यालय व्यवस्थापन समितिहरूले विद्यालय व्यवस्थापन सम्बन्धी तालिम लिएका हुँदैनन् । शिक्षा ऐन, नियमावली र  नीति निर्देशनहरूको अध्ययन पनि गरेका हुँदैनन् । त्यसैले विद्यालयको भवन, फर्निचर, पिउने पानी, विद्युत, सूचना प्रविधिको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा थाहा हुँदैन । जसले गर्दा शिक्षा प्राप्त गर्ने मापदण्डको आधारमा भौतिक व्यवस्थापनमा समस्या रहेको पाइयो ।

### ४.३.४ शौचालय तथा पिउने पानीको अभाव

शौचालय भनेको दिसा पिसाब गर्न ठाँउ हो । पिउने पानीको व्यवस्थापन भन्नाले शुद्ध र किटाणुरहित पानीको व्यवस्था गर्नु हो । शुद्ध पिउने पानीको प्रयोग र शौचालयमा मात्र दिसा पिसाब गर्ने गरेमा रोगबाट धेरै टाढा रहन सकिन्छ । नमुना छनौटमा परेका विद्यालयहरूमा शौचालयमा पानीको अभाव रहेको र शौचालय भित्र र बाहिर फोहोर अवस्थामा रहेको पाइयो । पिउने पानीको धारा भए पनि धारा जीर्ण र विद्यालय भवनबाट

धेरै टाढा भएको र धारा मर्मत सम्भारको अभावमा थोरै मात्रामा पानी आउने गरेको पाइयो ।

### ४.३.५ भौतिक साधनहरूको मर्मत सम्भारको कमी

विद्यालयमा विद्यार्थी, शिक्षकहरूको संख्याको आधारमा प्राय सबै विद्यालयहरूमा विद्यालय भवन कक्षाकोठा, कक्षाकोठामा झ्यालढोका, शौचालय, खानेपानी, विज्ञान प्रयोगशाला, पुस्तकालय, खेलमैदान, खेलकुद सामग्री, शैक्षिक सामग्री आदिको व्यवस्था भए पनि समय समयमा नियमित रुपमा भौतिक साधानहरूको निर्माण मात्र भएको तर मर्मत सम्भारको अभावमा जीर्ण अवस्थामा रहेको पाइयो ।

### ४.३.६ विद्यालय र समुदाय बीचको सम्बन्धको अभाव

विद्यालय र समुदाय बीच नङ र मासुको सम्बन्ध हुनु पर्दछ । समुदायको सहयोगमा विद्यालयको स्थापना भएको हुन्छ । विद्यालयमा समुदायलाई सचेत बनाउन शिक्षा प्रदान गरिरएको हुन्छ । समुदायका मानिसले विद्यालयको हरेक पक्षहरूमा सघाउ पुऱ्याएको हुन्छ । विद्यालयको भौतिक पक्षको निर्माण र मर्मत कार्यको सिलसिलामा होस् अथवा मानव व्यवस्थापनको पक्षमा विद्यालयहरूले पारदर्शीता नदेखाउँदा विद्यालय र समुदायबीचको सम्बन्ध चिसिन गएको अवस्था पनि छ ।

### ४.३.७ जग्गा, खेल मैदान, खेल सामग्री र शैक्षिक सामग्रीको अभाव

विद्यालयको स्थापना गर्नका लागि खेल मैदान, विद्यालय भवन आदिका लागि २० रोपनी जग्गा हुनु पर्ने मापदण्ड तोकिएको छ । विद्यार्थीहरूलाई उपयुक्त हुने किसिमको खेल मैदान, खेल सामग्री हुनु पर्ने व्यवस्था गरिएको छ ।

यस अध्ययनको क्रममा विद्यालयको अध्ययन गर्दा पानी परेको समयमा र जाडोको समयमा टिनको छानो भएको विद्यालयमा हल्ला र जाडोको कारण नियमित रुपमा कक्षा सञ्चालन नहुने गरेको पाइयो । नमुना छनौटमा परेका सबै विद्यालयहरूमा जग्गाको समस्या, खेल मैदानको समस्या, खेल सामग्रीको समस्या र शैक्षिक सामग्रीहरूको उपलब्धता र व्यवस्थापनमा समस्या रहेको छ ।

### ४.४ विद्यालयको भौतिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरू

विद्यालय शिक्षण सिकाइ गर्ने प्रमुख थलो हो । विद्यालयको भौतिक व्यवस्थापनको अवस्था राम्रो छ भने पठन पाठन क्रियाकलाप गर्न सहज हुन्छ । जसले गर्दा सिकाइ उपलब्धि नै बढी हुन्छ । विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानको उपायहरू के के हुन् ? भनी नमुना छनौटमा परेका स्रोत शिक्षक, प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू र शिक्षकहरूलाई खुल्ला प्रश्नावली पठाइएको थियो । लक्षित समूह छलफलमा पनि उनिहरूलाई सहभागी गराई विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानका उपायहरू के के हुन् ? भनी सामूहिक छलफल समेत गरिएको थियो । प्रत्यक्ष अवलोकन, खुला प्रश्नावली, लक्षित समूह छलफलबाट आएका निर्ष्कषको आधारमा विद्यालयका भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिकालाई प्रभावकारी बनाउने उपायहरू निम्नानुसार रहेका छन् ।

#### ४.४.१. आवश्यक फर्निचरको व्यवस्थापन

विद्यालयमा अध्यापन गर्नका लागि शिक्षा नियमावलीमा व्यवस्था भए बमोजिम र विद्यार्थीहरूको कक्षा, उमेर, तह सुहाउँदो किसिमको फर्निचरको व्यवस्था हुन नसकिरहेको छ । साथै विद्यालयहरूमा विद्यालय भवनहरू निर्माण भइरहेका छन् तर घाम, पानी, हावा, प्रकाश, जाडो, गर्मीबाट बचाउने किसिमका कक्षाकोठाहरू बनाउन सकिएको छैन । कुनै विद्यालयमा कक्षाकोठा सानो, केहि विद्यालयमा काक्षाकोठाहरू अँध्यारा छन् भने कुनै विद्यालयका झ्यालढोकाहरू धेरै भएकाले अनावश्यक चिसो पस्ने खालका छन् । कुनै विद्यालयमा पंखा, हिटर आदिको अभाव छ । जसले गर्दा कक्षाकोठामा नियमित रुपमा कक्षा संचालन हुन नसकेको पाइयो । व्यस्थापन समितिले गर्मी/जाडो हुने ठाउँ अनुसार कक्षाकोठाका झ्यालहरू थुन्ने काम, सिसाको झ्याल लगाउनु पर्ने, छानामा पारदर्शी च्यादर लगाएर कक्षाकोठालाई उज्यालो बनाउन सकिने तथ्य फेला पारिएको छ । कक्षा अवलोकनका क्रममा विद्यार्थीहरू बस्ने डेक्स बेञ्च प्राय एउटै साइजको पाइयो ।

#### ४.४.२ विद्यालयको भौतिक सुधारमा आर्थिक स्रोतको व्यवस्थापन

विद्यालयको नयाँ भौतिक संरचना निर्माणदेखि लिएर भइरहेको भौतिक संरचनाहरूको मर्मत सम्भार गर्ने काम विद्यालय व्यवस्थापन समितिको हुन्छ । त्यसैले विद्यायलयका भौतिक

सुधार अन्तर्गत जग्गा जमिनको व्यवपस्थापन गर्नु पर्दछ । शिक्षा नियमावलीमा एउटा विद्यालय स्थापना गर्न २० रोपनीसम्म जग्गा हुनुपर्ने उल्लेख गरिएको छ तर अध्ययन गरिएका कतिपय विद्यालयमा ४-५ रोपनी मात्र जग्गा भएको पाइएको छ ।

विद्यालयमा भवन, फर्निचर, खेलमैदान, दराज, ऱ्याक, कक्षाकोठा, शौचालय आदिको उचित व्यवस्थापन हुनु पर्दछ । माथि उल्लेखित भौतिक बस्तुहरूको निर्माण र मर्मत सम्भारको उचित व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना, शिक्षक, विद्यार्थी, अभिभावकहरूको सहयोगमा निर्माण गरेर वि.व्य.स को बैठकले निणर्य गरी सम्बन्धित निकायहरूमा पेस गर्नका लागि सम्बन्धित निकायहरू जस्तै जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, गाउँ विकास समिति, बृटिस वेलफेयर, इन्डियन वेलफेयर र अन्य गैरसरकारी संस्थाहरूसँग आर्थिक स्रोतहरूको माग गरेर कार्यान्वयन गरेको पाइयो । यसका साथै समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजिवीहरूसँग पनि आर्थिक सहयोग र श्रम सहभागिता गराएर विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिले पहल कदमी गरेको पाइएको छ ।

### ४.४.३ भौतिक सुधारका लागि अन्तरक्रिया

विद्यालयमा भौतिक वस्तुहरूको व्यवस्थापन गर्ने प्रमुख जिमेवारी विद्यालय व्यस्थापन समितिको हो । विद्यालयको भौतिक र शैक्षिक सुधार गर्न विद्यालय व्यस्थापन समितिको महत्वपूर्ण भूमिका रहने भएको हुदाँ विद्यालय भवन निर्माण, खेलमैदान निर्माण, खानेपानीको व्यवस्था, घेराबाराको व्यवस्था, फर्निचरको व्यवस्था, उचित कक्षाकोठाको व्यवस्था आदि गर्नका लागि, आर्थिक स्रोत जुटाउन, निर्माण र मर्मत गर्न गराउन समेत सरोकारवालाहरूसँग वर्षमा २ पटक अनिवार्य र अरु आवश्यक परेको बेला सरोकारवालाहरू, शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग अन्तरक्रिया र छलफल सबै विद्यालयहरूले  गरेको पाइयो । विद्यालयको भौतिक सुधारमा सरोकारवालाहरू सबैसँग अन्तर्क्रिया नगरी गरेका विद्यालयहरूको विकास दिगो हुँदैन र लक्षित समूहले भौतिक सुख सुविधा प्राप्त गर्न नसकी सिकाइ उपलब्धिमा कमी आउने कुरा प्रष्ट देखिन्छ ।

### ४.४.४ उचित कक्षाकोठाको व्यवस्थापन

शिक्षण सिकाइ क्रियाकलाप गर्ने मुख्य थलो भनेको विद्यालयका कक्षाकोठाहरू हुन् । कक्षाकोठाको व्यवस्थापन उचित तरिकाले गर्न सकिएमा सिकाइ उपलब्धि हासिल गर्न सहजता प्राप्त हुन्छ । कक्षाकोठाको व्यवस्थापन अन्तर्गत विद्यार्थीहरूको बसाइ व्यवस्थापन, उचित प्रकारको शैक्षिक सामाग्रीको प्रयोग गर्न आवश्यक स्थान, उचित स्थानमा कालो पाटि/सेतो पाटिको व्यवस्था, प्रदशन वोर्ड आदि राख्ने ठाँउ हुनु पर्दछ । कक्षाकोठा हावादार, सफा, प्रशस्त मात्रामा प्रकाश आउने, विद्यार्थीहरूको उमेर अनुसारको डेक्स बेञ्चको निर्माण गरी कक्षाकोठा बालमैत्री बनाइएमा विद्यार्थीहरूका लागि कक्षाकोठा आर्कषक र बसौँ बसौँ लाग्ने र केहि सिक्न मन लाग्ने गरी कक्षाकोठाको व्यवस्थापन गर्न सके विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्न सकिन्छ ।

### ४.४.५ विद्यालयको भौतिक व्यवस्थापन

विद्यालयको भौतिक व्यस्थापनले विद्यालयमा गरिने हरेक शैक्षिक क्रियाकलापहरूलाई प्रभाव पार्दछ । हाम्रो देशमा शैक्षिक योजनाहरू पूर्णरुपमा कार्यावन्यन हुन नसक्नुको कारण विद्यालयको भौतिक व्यवस्थापन प्रमुख रहेको छ । विद्यालयको भौतिक व्यवस्थापन अर्न्तगत भवनको व्यवस्थापन, कक्षाकोठाहरूको संख्या, उपयुक्त ढाँचामा भवनहरूको निर्माण, फर्निचरको निर्माण र व्यवस्थापन, शैक्षिक सामाग्रीहरू प्रदर्शन गर्ने उचित स्थानको व्यवस्थापन, प्र.अ. कक्ष, स्टाफ कक्ष, पुस्तकालय, शौचालयहरू आदि जस्ता सम्पूर्ण विद्यालयको शरीरको रुपमा रहेका सबै भौतिक वस्तुहरूको अवलोकन र विद्यालयहरूमा रहेका सम्पूर्ण अभिलेखहरूबाट जानकारी प्राप्त गरिएको छ । सो अनुसार नमुना छनौटमा परेका विद्यालयहरूमा कक्षाकोठा प्रर्याप्त मात्रामा रहेका, फर्निचर आवश्यक मात्रामा उपलब्ध भएता पनि विद्यार्थीहरूको उमेर अनुसारको निर्माण नभएको, कक्षाकोठामा झ्यालढोकाको उचित व्यवस्था भए पनि झ्याल ढोका बन्द गरी ताल्चा लगाउने व्यवस्था नहुँदा विद्यालयको भौतिक सुधार हुन नसकेको हुदाँ प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूको प्रतिनिधित्वको साथमा व्यवस्थापन समितिले भौतिक सुधारमा अगाडि बढेको पाइयो ।

### ४.४.६ विद्यालय व्यस्थापन समितिलाई तालिम

विद्यालयको संचालन, रेखदेख गर्ने जिम्मेवारी व्यवस्थापन समितिको हो । वर्तमान समयमा विद्यालयको भवन निर्माण गर्न, मर्मत सम्भार गर्नदेखि सम्पूर्ण भौतिक व्यवस्थापन गर्न सरकारी र गैर सरकारी योजनाहरू प्राप्त भइरहेका छन् । भौतिक, शैक्षिक र आर्थिक गतिविधिलाई व्यवस्थित बनाउन व्यवस्थापन समितिको क्षमतामा अभिवृद्धि गर्न आवश्यक छ । विद्यालयमा क्षेत्र सुधार योजना (२०६६ देखि २०७२) ले विद्यालयका व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम दिँदै आएको छ तर उक्त तालिम प्रभावकारी हुन नसकेको हुँदा तालिमलाई प्रभावकारी बनाउन आवश्यक छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

विद्यालयको विकास भन्नु नै शैक्षिक प्रगतिका सूचनाहरूमा हुने वृद्धि, आर्थिक एवम् भौतिक अवस्थामा आउने सुधार आदि पक्षहरू हुन् । यसका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुने गर्दछ । उल्लेखित पक्षहरूमा के कति सुधार आउन सक्यो कि सकेन ? अन्य के कस्ता राम्रा नराम्रा पक्षहरू रहेका छन् ? भन्ने विषयमा तथ्याङ्कहरू विभिन्न माध्यमबाट संकलन गर्ने कार्य सम्पन्न भयो । विद्यालयका अभिलेखहरू तथा विद्यालयसँग सरोकार राख्ने प्रधानाध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ, स्रोतव्यक्ति तथा शिक्षाप्रेमी महानुभावहरूका अनुभव एवम् आधिकारिक धारणाहरूबाट तथ्याङ्कहरू संकलन गरियो । संकलित तथ्याङ्कहरूको आधारमा भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकामा प्राप्त हुन आएका निष्कर्षहरू यस प्रकार छन् ।

## ५.१ निष्कर्ष

विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको अध्ययन प्राप्तिबाट निम्न निष्कर्ष निकालिएको छ ।

सबै विद्यालयहरूको पक्की भवनमा झ्यालढोका भएको, छानामा पारदर्शी कर्कटपाता नभएको पाइयो । जीर्ण अवस्थामा रहेको भवनहरूको झ्यालढोका नभएको, गारो चर्केको र छाना चुहिने भएको पाइयो । यस स्रोतकेन्द्रका प्रायः सबै विद्यालयहरूमा कक्षाकोठाहरू पर्याप्त मात्रामा रहेको छ । नमुना छनौटमा परेका विद्यालयहरूको शौचालयमा पानीको अभाव रहेको र शौचालय भित्र र बाहिर फोहोर अवस्थामा रहेको पाइयो । पिउने पानीको धारा भए पनि धारा जीर्ण र विद्यालय भवनबाट धेरै टाढा भएको र धारा मर्मत सम्भारको अभावमा थोरै मात्रामा पानी आउने गरेको पाइयो । शौचालयहरू बालमैत्री निर्माण गरिएका छन् । तार घेराबारा यस स्रोतकेन्द्रको कुनै पनि विद्यालयमा छैन । विद्यालयहरूमा विद्यार्थीहरूको उमेर र उचाइ अनुसारको फर्निचर निर्माण भएको पाइएन ।

यस स्रोतकेन्द्रका प्रायः सबै विद्यालयका प्र.अ.हरूले सिफारिस गरेका भौतिक सुधारका योजनाहरूलाई प्राथमिकता दिने गरेका तर योजनाहरू संचालन गर्दा व्यवस्थापन समितिले

प्र.अ. को सल्लाह र सुझावलाई नमानी आफै संचालन गर्नाले भौतिक निर्माण र सुधारका कामहरू समयमै हुन नसकेको पाइयो । वि.व्य.स. सक्रिय भएको विद्यालयहरूको भौतिक सुधार र शैक्षिक गुणस्तरमा तुलनात्मक सुधार भएको पाइन्छ । विद्यालयका विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, समुदाय अर्थात सरोकारवालाहरूसँग अन्तर्क्रियामा कमी देखियो । भौतिक निर्माणमा भवन, फर्निचर, खानेपानी, शौचालयको राम्रो प्रबन्ध यस स्रोतकेन्द्रका विद्यालयहरूमा पाइन्छ । खेल मैदान, घेराबारा, खेल सामग्री सन्तोष जनक छैन । प्रायः विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने गरेको पाइयो । सबै विद्यालयहरूले सरकारी योजनाको मुख ताक्ने गरेको पाइयो ।

विद्यार्थीहरूको सिकाइ उपलब्धिमा अभिवृद्धि गर्न शैक्षिक व्यवस्थापन, आर्थिक व्यवस्थापन र भौतिक व्यवस्थापन राम्रो हुनु पर्दछ । भौतिक व्यवस्थापन राम्रो भएको विद्यालयमा विद्यार्थीहरूको उपस्थिति बढि हुने हुन्छ । विद्यालयको भवन निर्माण र मर्मत, शौचालय, खानेपानी, खेलमैदान आदिको व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति सक्रिय रुपमा लागि परेको पाइयो । विद्यालयमा भौतिक कुराहरूको संरचना गर्ने अभिभावक, शिक्षक, शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समिति सबै निकायहरू अगाडि बढेको पाइयो ।

विद्यार्थीको चौतर्फि विकास गर्न आन्तरिक क्रियाकलाप जस्तै हाजिरी जवाफ, वादविवाद, बुद्धिचाल, भलिबल, फुटबल जस्ता खेलहरू पनि समय समयमा नगरेको पाइयो । रतन्छा स्रोतकेन्द्रका सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको गठन भएको पाइयो । कतिपय विद्यालयहरूमा वि.व्य.स को तालिम प्राप्त नभएको हुदाँ वि.व्य.स.को विद्यालय प्रतिको दायित्व र जिम्मेवारीको अभावमा रहेको पाइयो ।

## ५.२ सुझावहरू

यस शोधपत्रको अध्ययनका क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, विद्यालयसँग सम्बन्धित व्यक्तिहरूको राय तथा समस्याको समाधान सम्बन्धी सुझावहरूलाई समेत आधार मानी विद्यालयको भौतिक सुधारका लागि निम्नानुसार तीन वटा तहका सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

हाम्रो देशमा निर्माण हुने भौतिक योजनाहरूको निर्माण ती भौतिक योजना कार्यान्वयन गराउने उद्देश्यले विभिन्न प्रकारका नीति नियमहरू केन्द्रद्वारा नै बनाउने गरेको पाइन्छ। विद्यालय तहमा विद्यालयको भौतिक योजना निर्माण तथा कार्यान्वयनका लागि नेपाल सरकार शिक्षा विभागले निम्नानुसारको नीति बनाउनु पर्दछ।

विद्यालयहरूमा भौतिक निर्माण र मर्मत सम्भारका कार्यहरू हुँदा नेपालका हिमाल, पहाड र तराई सबै क्षेत्रका विद्यालयहरूमा शिक्षा विभागले वितरण गर्ने विद्यालय भवन, शौचालय, नयाँ कक्षा कोठा निर्माण, खानेपानी योजना आदि सबै योजनाको डिजाइन एकै किसिमको पाइन्छ। ती विद्यालय भवन, शौचालय र नयाँ कक्षा कोठा निर्माण योजनाहरूको डिजाइन हिमाल, पहाड र तराईमा फरक फरक बनाउनु पर्ने देखिन्छ। योजनाहरूको वितरण गर्दा विद्यालयहरूको आवश्यकतालाई मध्यनजर गरी वितरण गर्ने नीतिगत व्यवस्था हुनु पर्दछ। भौतिक योजनाहरूको निर्माण कार्य समयमा नै गर्नुपर्ने र समयमा पूरा नगर्ने विद्यालयहरूलाई कानुनी कारवाहि गर्ने नीति बनाउनु पर्दछ।

विद्यालयहरूको नयाँ कक्षाकोठा निर्माण योजना, शौचालय निर्माण योजना, खानेपानी निर्माण योजना, विद्यालय भवन निर्माण योजनाहरूको जिल्ला शिक्षा कार्यालयबाट बाँडफाँड गर्दा राजनीतिक दलहरूको हस्तक्षेपको कारण आवश्यक ठाउँमा वितरण नभई अनावश्यक ठाउँमा वितरण गरेको पाइयो। विद्यालयको भौतिक व्यवस्थापनमा सुधार ल्याउन विद्यालयमा जि.शि.का ले आवश्यकताको पहिचान गरेर विद्यालय व्यवस्थापन समितिको मागको आधारमा नीति निर्धारण गरी योजनाहरूको बाँडफाँड गरेमा उपयुक्त हुने देखिन्छ।

### ५.२.२ अभ्यास तह

विद्यालयहरूको भौतिक सुधार गर्ने उद्देश्य राखेर योजनाहरू निर्माण गरिएका हुन्छन्। उद्देश्यलाई पूरा गर्न भौतिक योजनाको निर्माण र कार्यान्वयन हुन्छन्। विद्यालयका कक्षाकोठाहरूमा नै शिक्षण सिकाइ कार्य गर्ने प्रमुख थलो भएको हुँदा विद्यालयको भवन, नयाँ कक्षाकोठा निर्माण, फर्निचर निर्माण, शौचालय निर्माण, खानेपानी योजना निर्माण लगायतका कार्यहरू गरी विद्यालयका भौतिक सुधार गर्न निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएका छन्।

नमुना छनौटमा परेका विद्यालयहरूमा भौतिक सुधार गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षकहरू, विद्यार्थीहरू र अभिभावकहरू सक्रिय रुपमा सहभागी भएको पाइयो । स्रोतकेन्द्रमा रहेका स्रोतव्यक्तिहरूले स्रोतकेन्द्रका विद्यालयहरूको भौतिक र शैक्षिक व्यवस्थापनको अनुगमन गरी आवश्यकताको पहिचान गरी योजनाहरूको वितरणमा सहयोग पु¥याउने देखिन्छ । स्रोतव्यक्तिहरूले वि.व्य.स.को क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरू समय समयमा सञ्चालन गरिनुका साथै वि.व्य.स. र प्र.अ.का लागि व्यवस्थापकीय कार्यकुसलता अभिवृद्धि हुने तालिमहरू संचालन गरिनु पर्दछ ।

यसरी नै योजनाहरूको बाँडफाँड गर्दा विद्यालयहरूको आवश्कतालाई हेरेर गर्नुपर्ने, विद्यालय भवन, शौचालय, नयाँ कक्षाकोठा निर्माण, खानेपानी योजनाको वितरण गर्दा जनसहभागिता जुटाएर गर्नुपर्ने देखिन्छ । विद्यालयहरूको भवन निर्माण गर्दा झ्याल ढोकामा शिशा लगाउनु पर्ने, भेन्टिलेसन राख्नुपर्ने, टिनको छानामा पारदर्शी जस्तापाता लगाउनु पर्ने देखिन्छ । साथै डेक्स बेञ्चमा चकटीको व्यवस्था गर्न सकिएमा अध्ययन अध्यापनमा कमै मात्र अवरोध आउने गर्दछ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययनसँग सम्बन्धित अन्य अनुसन्धानका कार्यहरू जस्तै : विद्यालयको शैक्षिक सुधारमा प्रधानाध्यापकको भूमिका, भौतिक सुधारले विद्यार्थीको सिकाइ उपलब्धिमा परेको असर, विद्यालयको विकासमा व्यवस्थापन समितिको भूमिका, विद्यालयको भौतिक सुधारका समस्याहरू लगायतका विषयमा अध्ययन तथा अनुसन्धान कार्य सम्पन्न गर्न सकिनेछ ।

# सन्दर्भसूची


काफ्ले, वासुदेव, श्रेष्ठ,चन्द्रबहादुर, र सिन्हा, रामस्वरूप (२०६२), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौ :विद्यार्थी पुस्तक भण्डार ।

खनाल, मुकुन्दमणी र आचार्य, डा. सुशन, (२०६०), *शिक्षाको वितीय अर्थशास्त्र,* काठमाडौ : मकालु बुक्स सप्लायर्स ।

डंगोल, नारायणमान (२०६१), *समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरूको विगत र वर्तमान अवस्थाको तुलनात्मक अध्ययन* :किर्तिपुर, काठमाडौ : विश्वविद्यालय क्याम्पस ।

दाहाल, केशवप्रसाद (२०६१), *शिक्षामा विकेन्द्रीकरण र समुदाय विद्यालय व्यवस्थापन हस्तान्तरण,* काठमाडौ : शैक्षिक वर्ष ६ अंक, मकालु प्रकाशन गृह ।

निरौला, सुभाष (२०६२/०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन,* ताहचल काठमाडौं : महेन्द्ररत्न क्याम्पस ।

नीतिगत अनुसन्धान परामर्श केन्द्र (२०६४), (सिप्रेक), *सामुदायिक विद्यालय व्यवस्थापन सचेतना,* काठमाडौं : हाते पुस्तिका १०१ ।

नेपाल सरकार (२०६६), *बिद्यालय क्षेत्र सुधार योजना (*बिक्षेसुयो) *२०६६-०७२,* काठमाडौं : शिक्षा मन्त्रालय ।

पौडेल, हेमराज(२०७१), *शिक्षा ऐन आठौं संसोधन,* डिल्लीवजार, काठमाडौ : मकालु प्रकासन गृह ।

बरूवाल, पुष्पवहादुर(२०५६), *काठमाण्डौ जिल्लाका मा.वि.को शिक्षण सुधारमा प्र.अ.को भूमिका एक अध्ययन* : शोधपत्र त्रि.वि.वि. ।

शर्मा, गोपिनाथ(२०६६), *शिक्षा आयोगका प्रतिवेदनहरू* : माकालु प्रकासन गृह ।

*समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य प्रणाली निर्दैशिका २०६०,* (CSSP) ।

सिन्हा, रामस्वरुप(२०६२), *नेपालमा विद्यालय शासन एक समिक्षा,* काठमाडौ : मकालु प्रकाशन गृह ।

सिग्देल, भुवनप्रसाद (२०६२), *सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्यक्रम अन्तर्गत सुर्खेत जिल्लामा सञ्चालित समुदायिक विद्यालयका समस्याहरू विश्लेषणात्मक अध्ययन,* सुर्खेत : सुर्खेत क्याम्पस ।

सिंह, नागेश्वर (२०६६), *शिक्षाको आधार* :पैरवी प्रकाशन ।

सुवेदी, रामकृष्ण (२०६०), *सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण* : एक परिचय, काठमाडौ : शैक्षिक उन्नयन वर्ष ५,२०६० पौष, मकालु प्रकाशन गृह ।

श्रेष्ठ, चन्द्रबहादुर र वस्न्यात, संझना(२०६६), *शिक्षाको परिचय,* भाग १, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

## विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची १

**(वि.व्य.स. र शि.अ.स.को अध्यक्षसँग सोधिएका प्रश्नावली )**

विद्यालयको नाम: अध्यक्षको नाम:

१. तपाईको विद्यालयमा भौतिक सुधारको अवस्था कस्तो छ ?

२. तपाईको विद्यालयमा भौतिक सुधार गर्नका लागि आर्थिक स्रोत कहाँ कहाँबाट जुटाउनु हुन्छ ?

३. तपाईले विद्यालयमा भौतिक सुधारका लागि समुदाय, शिक्षक, विद्यार्थी र सरोकारवाला पक्षसँग वर्षमा कति पटक अन्तरक्रिया गर्नुहुन्छ ?

४. तपाईको विद्यालयमा शैक्षिक क्रियाकलाप गर्नका लागि कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ ?

४. तापाईको विद्यालयमा शैक्षिक क्रियाकलाप गर्नका लागि कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ ?

५. तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलाप कतिको सजिलो किसिमले गराउन सकिन्छ ?

६. तपाइको विद्यालयमा विद्यार्थी पढाउने कक्षाकोठा कस्ताछन् ?

७. तपाइको विद्यालयमा विद्यार्थीको अनुपातमा खेलमैदान र खेलकुद सामग्रीको अवस्था कस्तो छ?

८. तपाईको विद्यालयमा खानेपानी, घेरावेरा र शौचालयको स्थिति कस्तो छ ?

९. तपाईको विचारमा विद्यालय भौतिक सुधारका समस्याहरू के के हुन सक्छन् ?

१०. विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानको उपायहरू के के हुन् ?

## विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची २

**(छनोटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षक, शिक्षिकासँग सोधिएका प्रश्नावली )**

विद्यालयको नाम :

प्र.अ. तथा शिक्षक, शिक्षिकाको नामः

(शिक्षक) अनुभव वर्ष ...................शै. यो.

१. विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक सुधारमा कुन कुन करामा सहयोग पुऱ्याएको छ ?

२. विद्यालयको भौतिक निर्माणको कार्यक्रममा विद्यालय व्यवस्थापन समिति कतिको उपस्थिति हुन्छ ?

३. विद्यालयको भौतिक सुधारका लागि विद्यालय व्यवस्थापन समितिको कस कससँग अन्तरक्रिया गर्छ ?

४. तपाईलाई अध्यापन कार्यमा असहज हुनुका कारण के हुनसक्छ ?

५. भवनहरू शिक्षणको वातावरणका लागि कति उपयुक्त छन् ?

६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू विद्यालयको अवलोकन र निरीक्षण गर्न महिनामा कति पटक आउँछ्न ?

७. विद्यालय व्यवस्थापन समितिका कतिजना पदाधिकारीहरूलाई विद्यालयको भौतिक अवस्था वारेमा जानकारी छ ?

८) विद्यालय व्यवस्थापन समितिले पर्याप्त भौतिक सुधारका लागि कतिको पहल गर्नुहुन्छ ?

९. विद्यालयका भौतिक सुधारका लागि कस कससँग सम्वन्ध राख्नु पर्छ ?

१०. विद्यालयका भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानका उपायहरू के के हुन् ?

## विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ३

## (विद्यार्थीसँग सोधिएका प्रश्नावली )

विद्यार्थीको नाम थर :

ठेगानाः ............... कक्षाः

१. विद्यालय व्यवस्थापन समितिले विद्यालयमा अवलोकन गर्न कतिको आउँछ ?

२. वि.व्य.स.ले तपाईहरूसँग कतिको छलफल गर्छ ?

३. वि.व्य.स.ले कुन भौतिक निर्माण कार्य भइरहेको वेला रेखदेख गर्न आएको थियो ?

४.शैक्षिक र अतिरिक्त क्रियाकलाप गर्न कक्षाकोठा र खेलमैदानको अवस्था कस्तो छ ?

५. वर्षाहुँदा विद्यालयमा पढाई कतिको हुन्छ ?

६. विद्यालयको सम्पूर्ण कक्षामा विद्यार्थी वस्न पुग्ने फर्निचर कतिको छ ?

७. विद्यालयको खेलमैदान, शौचालय,घेरावेरा, खानेपानी अवस्था कस्तो छ ?

८. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष किन आउँछ ?

९. तपाईको विचारमा विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार के के हुनुपर्छ ?

१०. विद्यालय व्यवस्थापन समितिले भौतिक सुधारका लागि केके पहल गर्नुपर्छ ?

## विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ४

**(स्रोतव्यक्तिसँग सोधिएको प्रश्नावली )**

**स्रोतव्यक्तिको नाम :**

**स्रोतकेन्द्रको नाम :**

**शैक्षिक योग्यता :**

**ठेगानाः** ...............

१. तपाईले विद्यालयहरूमा अनुगमन गर्दा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरू कतिको भेट्नु हुन्छ ?

२. विद्यालय कार्यक्रमर वैठकमा तपाईलाई कतिको आमन्त्रित गर्छ ?

३. तपाईको स्रोतकेन्द्रका विद्यालयहरूको भौतिक निर्माण कसको नेतृत्वमा हुन्छ ?

४. तपाइको अनुगमन गर्ने विद्यालय शैक्षिक क्रियाकलाप र अतिरिक्त क्रियाकलाप गर्न कतिको सजिलो छ ?

५. तपाइले अनुगमन गर्ने विद्यालयहरूमा विद्यार्थीहरूको उपस्थिति कस्तो छ ?

६. तपाइको स्रोतकेन्द्र भित्रका विद्यालयहरूको भौतिक सुधारको अवस्था कस्तो छ ?

७. तपाइको स्रोतकेन्द्रभित्रका विद्यालयहरूमा प्रतिस्पर्धात्मक कार्यक्रमहरू कसको सभापतित्वमा सम्पन्नहुन्छ ?

८. तपाइको स्रोतकेन्द्रभित्रका विद्यालयहरूको भौतिक निर्माण नहुने कारणहरू के के हुन सक्तछन् ?

९. तपाइको स्रोतकेन्दका विद्यालयहरूको भौतिक निर्माण नहुने कारणहरू के के हुन सक्तछन् ?

१०. तपाईको स्रोतकेन्द्रका विद्यालयहरूको भौतिक सुधार गर्ने उपायहरू के के हुन सक्छन् ?

# विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ५

## (अवलोकन फारम )

| | विधालयकोनाम | | | | | | | भवन | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | | वर्षमाअन्तरक्रिया | महिनावैठक | वि.व्य.स.को गठन मिति | जगगाकोक्षेत्र | सञ्चालन कक्षा | विद्यार्थी संख्या | पक्की | कच्ची | जम्मा | फर्निचरको संख्या | खेलमैदान | शौचालय | घेरावेरा | पुस्तकालय | खेलसामग्री | खानेपानी | कक्षोठा | कार्यालय |
| १ | श्री साकेला उ.मा.वि. रतन्छा | | | | | | | | | | | | | | | | | | |
| २ | श्री राधाकृष्ण उ.मा.वि. च्यानडाँडा | | | | | | | | | | | | | | | | | | |
| ३ | श्री सरस्वती नि.मा.वि. मवु, रतन्छा | | | | | | | | | | | | | | | | | | |
| ४ | श्री चण्डेश्वरी नि.मा.वि. च्यानडाँडा | | | | | | | | | | | | | | | | | | |
| ५ | श्री जालपा नि.मा.वि. च्यानडाँडा | | | | | | | | | | | | | | | | | | |

# विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ६

(छनोटमा परेका विद्यालयको नाम ठेगाना )

## नमुना छनौटमा परेका विद्यालयहरुका नामवली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री साकेला उच्चमाध्यमिक विद्यालय, | रतन्छा -४ खोटाङ्ग |
| २. | श्री सरस्वती निम्नमाध्यमिक विद्यालय | रतन्छा १, खोटाङ्ग |
| ३. | श्री चण्डेश्वरी निम्नमाध्यमिक विद्यालय | च्यानडाँडा -९, खोटाङ्ग |
| ४. | श्री राधाकृष्ण उच्चमाध्यमिक विद्यालय | च्यानडाँडा -४, खोटाङ्ग |
| ५. | श्री जालपा निम्नमाध्यमिक विद्यालय | च्यानडाँडा -१, खोटाङ्ग |

## स्रोत शिक्षकको नामावली

| क.सं. | स्रोतकेन्द्रको नाम | स्रोत शिक्षकको नाम |
|---|---|---|
| १. | श्री साकेला उच्चमाध्यमिक विद्यालय,<br>रतन्छा -४, खोटाङ्ग | श्री पदमकुमार राई |

## विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ७

## प्रधानाध्यापकहरुको नामावली

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम |
|---|---|---|
| १. | श्री साकेला उच्चमाध्यमिक विद्यालय, रतन्छा -४ खोटाङ्ग | कृष्ण बहादुर बुढाथोकी |
| २. | श्री सरस्वती निम्नमाध्यमिक विद्यालय रतन्छा १, खोटाङ्ग | दोचिला राई |
| ३. | श्री चण्डेश्वरी निम्नमाध्यमिक विद्यालय च्यानडाँडा -९, खोटाङ्ग | दिलबहादुर देउजा |
| ४. | श्री राधाकृष्ण उच्चमाध्यमिक विद्यालय च्यानडाँडा -४, खोटाङ्ग | हिराधन गुरुङ |
| ५. | श्री जालपानिम्नमाध्यमिक विद्यालय च्यानडाँडा -१, खोटाङ्ग | टिका बहादुर बुढाथोकी |

# विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ८

## शिक्षकहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम |
|---|---|---|
| १. | श्री साकेला उच्च माध्यमिक विद्यालय,<br>रतन्छा -४ खोटाङ्ग | प्रकाश राई<br>जसजित राई |
| २. | श्री सरस्वती निम्न माध्यमिक विद्यालय<br>रतन्छा १, खोटाङ्ग | निराज राई<br>पार्वती राई |
| ३. | श्री चण्डेश्वरी निम्न माध्यमिक विद्यालय<br>च्यानडाँडा -९, खोटाङ्ग | पुष्पलाल राई<br>रामजीत राई |
| ४. | श्री राधाकृष्ण उच्च माध्यमिक विद्यालय<br>च्यानडाँडा -४, खोटाङ्ग | लक्ष्मीप्रसाद सुवेदी<br>पेशलकुमार गुरुङ |
| ५. | श्री जालपा निम्न माध्यमिक विद्यालय<br>च्यानडाँडा -१, खोटाङ्ग | कुलदिप गुरुङ<br>टेकनाथ तिवारी |

## विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची ९

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको नामावली

| क.सं. | विद्यालयको नाम | अध्यक्षको नाम |
|---|---|---|
| १. | श्री साकेला उच्च माध्यमिक विद्यालय, रतन्छा -४ खोटाङ्ग | सिमीराज राई |
| २. | श्री सरस्वती निम्न माध्यमिक विद्यालय रतन्छा १, खोटाङ्ग | दिपक राई |
| ३. | श्री चण्डेश्वरी निम्न माध्यमिक विद्यालय च्यानडाँडा -९, खोटाङ्ग | नहकुल राई |
| ४. | श्री राधाकृष्ण उच्च माध्यमिक विद्यालय च्यानडाँडा -४, खोटाङ्ग | विजय गुरुङ |
| ५. | श्री जालपा निम्न माध्यमिक विद्यालय च्यानडाँडा -१, खोटाङ्ग | शंखपाल राई |